बाइबलका
शिक्षाहरुको श्रृखला



दुर्व्यसनग्रस्तता
माथि बिजय
प्राप्तगर्ने बारेमा
स्व. अध्ययन
पाठय्क्रम

# येशू नै प्रभु हुन
# दुर्व्यसनग्रस्तता होइन

# येशू नै प्रभु हुन दुर्व्यसनग्रस्तता होइन

दुर्व्यसनग्रस्तता माथि बिजय प्राप्तगर्ने बारेमा
स्व. अध्ययन पाठ्यक्रम

Multi-Language Productions
Bringing the Word to the World

मुलपाठ पादरीहरुको संस्थागत समुदायको आज्ञाले विस्कान्सिन इभेन्जिलिकल लुथरन सिनेडद्धारा उत्पादन गरिएको हो ।
कपिराईट © २०००
विस्कान्सिन इभेन्जिलिकल लुथरन सिनेडको बहुभाषा प्रकाशन द्धारा
मुलपाठ अनुकरण
रङ्गिन तथा सादा दृष्यहरु ग्लेन मार्यसको कार्यहो । ग्लेन मार्यसको दृष्टान्तको अधिकार नर्थ वेर्स्टन पब्लिसिङ्ग हाउसले सुरक्षित राखेको छ ।
धर्मग्रन्थ पवित्र बाइबल, न्यू इन्टरनेसनल रिर्डस भर्सन बाट लिइएको हो ।
कपिराईट © १९९६, १९९८ इन्टरनेशनल बाइबल सोसायटीको अनुमतीले प्रयोग गरिएको हो ।
२०१० मा छापिएको ।

पुस्तक १०

# सूचिपत्र

प्रारम्भमा ........................................................ १

अध्याय १ तपाईलाई स्वतन्त्र पार्न तपाई आफै भन्दा कोही एक जना महान व्यक्तिलाई अपनाउन गइरहेका छौ । ........................................................३

अध्याय २ कठोर हुने कोशिस नगर्नुहोस,

आत्मसमर्पण गर्नुहोस .........................................१९

अध्याय ३ घरको सरसफाई ................................३५

अध्याय ४ येशूले तपाईको मानिसहरुसित सम्बन्ध राख्ने तरिका परिवर्तन गर्नुहुन्छ । ......................५३

शब्दावली ......................................................६७

अध्याय जाँचका उत्तरहरु ...................................७३

अन्तिम जाँच ..................................................७५

# प्रारम्भमा

यो पुस्तकले तपाईको उद्धारकर्ता येशूख्रीष्टको बारेमा केहि उत्साहपूर्ण कुराहरुसिक्न मद्दत गर्नेछ । यो पुस्तकले परमेश्वरको बारेमा केही उत्साहपुर्ण कुराहरु सिक्न मद्दत गर्नेछ । प्रत्येक अध्याय सानो ताराले (✷) संकेत गरेको उद्देश्यहरुको सूचिबाट सुरुहुन्छ । तब तपाईले केहि हरफहरु पढ्नुहुनेछ र प्रश्नहरुको उत्तर लेख्नुहुनेछ । अध्यायको अन्तमा त्यहाँ एउटा जाँच छ । जाँचमा तपाईले अध्ययन गरेको पाठबाटमात्र प्रश्नहरु सोधिएकोछ । जब तपाई प्रश्नहरुको समूहको उत्तर लेखिसक्नुहुन्छ, तपाईलाई दिइएको पेज नं. मा गएर तपाई आफ्नो उत्तरहरु जाच्न सक्नुहुन्छ । तपाईले त्यो पेज खोल्नुभयो भने पेजको सबभन्दा मुनी प्रश्नको उत्तरहरु पाउनुहुनेछ ।

तपाईका उत्तरहरुलाई होसियारी पुर्वक जाँच्नुहोस । तपाईले कुनै तृटि गर्नुभएकोछ भने सच्याउनुहोस । अरु अध्याय सुरु गर्नुभन्दा पहिले तपाई सबै उत्तरहरु सम्झिराख्न निश्चित हुनुहोस । अध्यायको अन्तमा तपाईको बाइबलको प्रयोगको लागि एउटा खण्ड छ । त्यहाँ तपाईलाई पाठमा प्रयोग भएको कथा बाइबलको कुन खण्डमा छ भनेर बताइएको हुनेछ । तपाई सक्षम हुनुहुन्छ भने बाइबलबाटै कथालाई पढ्न सक्नुहुन्छ । हामी तपाईलाई यो निश्चित गराउन चाहान्छौ कि यो पाठ्यक्रमले बाइबलले शिकाउने कुरा दुरुस्त सिकाउँछ । पाठको अन्तमा एउटा अन्तिम जाँचछ । यो जाँच पूरागर्नु भन्दा पहिले अध्यायका जाँचहरुलाई दोहरयाउनुहोस । जब तपाई अन्तिम जाँच पूरा गर्नुहुन्छ, तपाई यो जाँचको पेजहरु तपाईलाई पुस्तक दिने व्यक्तिलाई फिर्ता दिनसक्नुहुन्छ वा यस पुस्तकको पछाडी छापिएको ठेगानामा पठाउन सक्नुहुन्छ ।

परमेश्वरले तपाईलाई येशूख्रीष्टको बारेमा अझ बढी सिक्नलाई सहायता गरुन र तपाईले उहाँको जीवनको बारेमा अध्ययन गर्न बिताएको समयमा आषिश दिऊन् ।



पिताले उसको पुत्रलाई अंकमाल गरयो, क्षमा गरयो र उसलाई घरमा स्वागत गरयो ।



अध्याय १

# तपाईलाई स्वतन्त्र पार्न तपाई आफै भन्दा कोही एक जना महान व्यक्तिलाई अपनाउदै हुनुहुन्छ ।

कोही व्यक्ति मानसिक र शारीरिक रुपले जस्तै जाँड रक्सी र लागूपर्दाथहरुमा भरोसा गर्नु चाहिँ दुर्व्यसनग्रस्त हो । जब दुर्व्यसनी लागू पदार्थहरु छुट्टिन्छ, उसले "फेरि लागु पदार्थको असरमा एक प्रकारको आनन्द मनाउँनेछ" भन्ने कुरा सोच्दैन तर उसको शरीर र मास्तिष्कले चाहिँ चिच्याई रहेको छ, "तपाईले फेरि रमाउनु पर्छ, तपाईलाई तपाईको लागू पर्दाथ आवश्यक पर्दछ ।"

यो रमाईलो मनाउने कुरा होइन जुन दुर्व्यसनग्रस्तताको समस्या हो । येशूले भन्नुभयो, “प्रत्येक जसले पाप गर्छ त्यो पापको दास हो” (यूहन्ना ८:३४) घमण्डी, घृणा अथवा अभिलाषा अथवा चिन्ता जस्तै कडा लागू औषधीले तपाईलाई अंकुशेले जस्तै तान्नेछ । जब तपाई आफ्नो आवश्यकता पुरा गर्न पापद्वारा कोशिस गर्नुहुन्छ, वास्तवमा तपाईले पापलाई प्रयोग गरी रहेको हुँदैन, पापले तपाईलाई प्रयोग गरिरहेको हुन्छ ।

परमेश्वरले कसैलाई पनि दुर्व्यसनग्रस्तताको दास भएको चाहनु हुन्न । तपाईलाई दुर्व्यसनको दासत्वबाट स्वतन्त्र पार्न परमेश्वरको योजना र उहाँको शक्तिको बारे बाइबलमा धेरै ठाँउमा भनिएको छ । येशूले भन्नुभयो, “यसकारण पुत्रले तिमीहरुलाई स्वतन्त्र गरायो भने तिमीहरु निश्चय स्वतन्त्र हुनेछौ । (यूहन्ना८:३६) यो पुस्तकमा दुर्व्यसनग्रस्तताको शक्ति देखि स्वतन्त्र हुने विषयमा बाइबलले के भन्दछ भन्ने बारेमा तपाई हेर्दै हुनुहुन्छ । यस्तै यो अध्यायको रुपरेखमा कुलतबाट रोग मुक्त हुनलाई हामी बाह्र वटा कदमहरु प्रयोग गर्न गइरहेका छौ ।

यहाँ १२ वटा कदमहरु छन ।

१.हामी स्वीकार गर्छौ कि मद्यपानमा हामी शक्तिहिन हुन्छौ, जुन हाम्रो जीवन अव्यवस्थित हुन्छ ।

२.हामी भन्दा एक महान शक्ति छ, जसले हामीलाई मानसिक सन्तुलन गरेर पुनस्थापित गरी विश्वासमा ल्याउँछ भन्ने बिश्वासमा आउनु ।

३.आ नो ईच्छा र जीवन परमेश्वरको रेखदेखमा फर्कनलाई निर्णय गर्नु, जस्तो हामीले उहाँलाई बुझेका छौं ।

४.हामीले आफै एउटा खोजी गर्ने र नैतिकताको सुची बनाउनु पर्छ ।

५.परमेश्वरमा, हामीआफैमा र अरु मानवमा भरोसा गर्नु हाम्रा भूलहरुको दुरुस्त स्वभाव हो ।

६.परमेश्वरले सबै चारित्रिक दोषहरु हटाउनु हुन्छ भनेर पूर्ण तयारीमा रहनु ।

७.विनम्रता साथ हाम्रो कमजोरी हटाउन उहाँ सँग प्रार्थना गरौ ।

८.हामीले अरुहरुलाई चोट पुऱ्याएको छ र तिनीहरु सबैलाई सुधार्न इच्छा भएको एउटा सुची बनाऔं ।

९.सम्भव भए त्यस्ता व्यक्तिसित सोझै सुधार्ने सम्बन्ध सुधार्ने, त्यो बाहेक जब हामी त्यस्तो गर्दैनौ भने तिनीहरु र अरुलाई घात पुऱ्याउँछौ ।

१०.व्यक्तिगत सुची निरन्तर लेऊ, र जब हामी गलत छौ शीघ्र त्यसलाई स्वीकार गर्छौं ।

११.प्रार्थना द्वारा खोज र ध्यान मग्नताले हाम्रो विवेकलाई सुधार्न परमेश्वर सँग सर्म्पक गरौ, जसरी हामी उहाँलाई बुझ्दछौ कि प्रार्थनामात्र हाम्रो लागि उहाँको इच्छाको ज्ञान र त्यसलाई लागु गर्ने शक्ति हो ।

१२.आत्मिक रितीमा बिउँझेका भइ, जस्तो यी कदमहरुका परिणाम अनुसार, हामीले यो सन्देशलाई दुर्व्यसनीहरुमा पुऱ्याउने कोशिस गर्दै, र यी सिद्धान्तहरु हाम्रो जीवनका प्रयासहरुमा अभ्यास गर्ने ।

AA World service Inc. को अनुमतिले पुन: छपाइ गरिएको १२ कदमहरु र १२ परम्पराहरु ।

.यो अध्यायमा तपाईहरु निम्न कुराहरु हेर्दैहुनुहुन्छ :

* कसरी दुर्व्यसनले एकजना व्यक्तिको मष्तिस्क र जीवनमा शक्तिशाली रुपमा चलाउँछ, र

* किन परमेश्वरको सामर्थले तपाईलाई स्वतन्त्र पार्न यो लिन गइरहेको छ

यदि तपाईको अंग काटियो र तपाईले त्यसलाई सफा गर्नुभएन भने काटिएको तपाईको शरीरमा भयानक

संक्रमण हुनसक्छ । दुर्व्यसनग्रस्तता आत्मिकी संक्रमण जस्तै हो । तपाईको शरीरमा भएको संक्रमण जस्तै तिनीहरुले घाउद्वारा तपाईको शरीरमा पस्न सक्छन । हुन सक्छ तपाई सानो छुँदा तपाईलाई आमा बुवाले चोट पुऱ्याउन अथवा छोडन सक्छन, हुन सक्छ तपाईले मानिसहरुले तपाईलाई मन पराउन भनेर धेरै कोशिस गर्नुभयो होला, र तपाई असफल हुनुभयो । यस्तै घाउ जस्तो व्यक्तिको आत्मा हो । र यदि तपाईले उच्चता हासिल गर्न सुरु गर्नुभयो भने दुर्व्यसनग्रस्तता तपाईमा यि घाउहरुद्वारा पस्छ । लागू पर्दाथले केही समयको निम्ति लाजमर्दो कुरा, एक्लोपन अथवा रिसको दुखाईलाई
हटाई दिन्छ । त्यसपछि तपाई अझै उच्चमा पुग्नको लागि बढी भन्दा बढी लागू पदार्थ चाहनुहुन्छ, ता कि तपाईले पिडाको महसूस गर्नु नपरोस । त्यो संक्रमण झन बढी बराब हुन्छ कि तपाईको समय र सम्पत्तिको बढी भन्दा बढी खर्च गरेर अझै उच्चमा पुग्न चाहनुहुन्छ । तपाईलाई प्रेम गर्ने
व्यक्तिसित झुटो बोल्ने, चोट पुरयाउने र चोर्ने जस्ता कामहरु गर्न थाल्नुहुन्छ । बाइबलले भन्छ,"म कुनै थोकद्वारा नियन्त्रण हुने छैन" (१कोरिन्थी ६:१२) तर जो दुर्व्यसनी छ उसको लागि ठिक यस्तै हुन आउँछ । उच्चता प्राप्त गर्ने कार्यले तपाईको जीवनलाई लिन्छ ।

१. दुर्व्यसनहरु चाहिँ एउटा आत्मिक जस्तै ....................... हो ।

२. दुव्यवहार वा असफलताको अनुभवले तपाईलाई चोट लागेको .......... दिन्छ र ति चोटहरु द्धारा दुव्यसनग्रस्तता तपाई भित्र प्रवेश गर्न सक्दछ ।

३. उच्च मात्रामा लागू पदार्थको प्रयोगले तपाईलाई दुखाईको अनुभवबाट टाढा राख्दछ र उच्च मात्रामा प्राप्त गर्ने कार्यले तपाईको ................... लाई लिन्छ ।

पेज नं.१० मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

लागु पर्दाथको प्रयोग गर्नको लागि कुँदिएको एउटा कारणले शक्तिशाली ठाँउ लिन सक्छ किनकि दुर्व्यसनको पछाडि आत्मिक शक्ति छ । सोच्नुहोस् कसरी मदिरा पसलहरुले तिनीहरु "**रक्सी र आत्मा** "बेच्दछन भनेर बिज्ञापन दिन्छन । बाइबलले दुष्ट आत्माहरुको बारेमा धेरै भन्दछ, जसलाई शैतान भनिन्छ, मानिसहरुको जीवनलाई नियन्त्रण गरेर तिनीहरुलाई सताउँछ । यि उस्तै दुष्ट आत्माहरु लागु पदार्थद्वारा मानिसहरुमा आउँछ, तिनीहरुको शरीरमा वास गर्छन र तिनीहरुलाई दु:ख दिन्छन ।

तपाईलाई फसाउन शैतान सँग धेरै तरिकाहरु छन ....लागुपर्दाथ र रक्सी परस्त्रीगमन, अथवा घृणा र

घमण्ड र चिन्ता हुन । यसको परिणाम स्वरुप तपाई आफै जालबाट उम्कन शक्तिहिन हुनुहुन्छ । तपाईले आाफैसित वा जसले तपाईको हेरचाह गर्नेहरु सित भन्नुभयो होला, “मैले चाहेको समयमा म जतिबेला पनि यो छोड्न सक्छु” तर यो एउटा भ्रूट हो । बाइबलमा पावल प्रेरितले यसरी लेखेको छ” किनकि मलाई थाहा छ कि म मा अथार्त मेरो पाप स्वभावमा केहि असल कुराले बास गर्दैन । जे असल छ त्यो गर्ने इच्छा म मा छ तर म त्यो पूरा गर्न सक्दिनँ । किनभने असल काम जो म गर्न चाहन्छु, त्यो म गर्दिन, तर दुष्टकाम जो म गर्न जो म गर्न चाहन्न, त्यहि म गर्दछु । अब म जो इच्छा गर्दिन त्यहि गर्छु भने त्यो गर्ने म होइनँ, तर म भित्र बस्ने पाप हो । ... किनभने पापमय शरिर तिर लागेको मन चाहिँ परमेश्वर प्रति शत्रुता हो । परमेश्व्रको व्यवस्थाको अधिनमा त्यो हुँदैन । नता त्यो कहिल्यै हुन सक्छ । पाप स्वभावको वशमा हुनेहरुले परमेश्वरलाई प्रशन्न पार्न सक्दैन । (रोमी ७:१८..२०, ८:७,८)

त्यसकारण पहिलो कदमले भनेको छ, “हामी स्वीकार गर्छौ कि मद्यपानले हामी शक्तिहिन भएको हुनाले हाम्रो जीवन अनियन्त्रित भएको छ ।” शैतानले बिछ्याएको जालबाट तपाई आफ्नै प्रकारले बाहिर आउनलाई शैतान सँग लडनलाई तपाईको शक्ति छैन ।


४.लागु पर्दाथहरुले दुर्व्यसनीलाई शक्तिशाली प्रकारले अधिनमा राखेको हुन्छ किनभने दुष्ट ......... ले तिनीहरुलाई मानिसहरुको जीवन लिन प्रयोग गर्न सक्छ ।

५.तपाईमा रहेको पापको शक्तिले तपाईलाई ................गर्न दिदैन, जो तपाई गर्न चाहनुहुन्छ, र तपाईलाई ............. गर्न लगाउँछ जो तपाई चाहनुहुन्न ।

पेज नं.१२ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

तर परमेश्वर शक्तिहिन हुनुहुन्न । । परमेश्वरको शक्ति अरु सबै शक्तिहरु भन्दा महान छ । दुर्व्यसनको पछाडि दुष्ट आत्माको शक्ति समावेश रहेको छ । बाइबलले भन्छ, परमेश्वरले तपाईलाई प्रेम गर्न चुन्नु भएको छ र उहाँको पुत्र येशू ख्रीष्ट द्वारा शैतानको जालबाट तपाईलाई स्वतन्त्र पार्नु भएको छ । येशूले स्र्वग छोडेर हाम्रो संसार आउनु भयो । उहाँ मानव जाति भएर जन्मिनु भयो । हामीले गरेको हाम्रो सबै अधर्म मेटाई दिनुभयो र सबै दोष आफूमाथि लिनु भयो, यो त्यति बेला भयो जब येशू क्रुसमा मर्नुभयो ।

पेज नं. ८ का उत्तरहरु: १. संक्रमण २. आत्मा ३. दु:ख, जीवन



येशूले सबै मानिसहरुका पापका निम्ति कष्ट भोग्नुभयो र मर्नुभयो ।

जब तपाईको भरोसा प्रभु येशू ख्रीष्टमा राख्नुहुन्छ, । तपाईले गरेको सम्पूर्ण कुराहरु बोलिएका अथवा सोचिएका सम्पूर्णगल्तीहरु पूर्ण क्षमा गरिएका छन । बाइबलले भन्छ, “हामीलाई प्रेम गर्नुहुने र आफ्नो रगतले हामीलाई हाम्रा पापबाट स्वतन्त्र पार्नुहुनेलाई ।” प्रकाश १:५ यसको अर्थ जब तपाई येशूलाई आफ्नो उद्धारकर्ताको रुपमा भरोसा राख्नुहुन्छ, तपाई को मृत्यु पछि स्वर्ग जाने कुरामा तपाई निश्चित हुन सक्नुहुन्छ ।

तर तपाईले यसरी सोच्नुहुन्छ होला, “त्यो उत्तम छ, तर म अहिले मरेको
छैन, अहिले मेरो दुर्व्यसनले मलाई पापमा तानी रहेको छ र परमेश्वरले मेरो लागि चाहनुभएको जीवन बाट टाढा गर्दैछ । के परमेश्वरले यसको बारेमा केहि गर्न सक्नुहुन्छ ? यसको जवाफ चाहिँ “परमेश्वर सक्नुहन्छ” हो । बाइबलले भन्छ,
“दियाबलसका कामहरु नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो ।
(१यूहन्ना ३:८) येशूले क्रूशमा मरेर जे गर्नुभयो, यसमा शैतानको दुर्व्यसनको जाल नष्ट गर्ने कुरा पनि समावेश छ ।

दोस्रो कदमले भन्छ, “हामी भन्दा एक महान शक्ति छ, जसले हामीलाई मानसिक सन्तुलन गरेर पुनर्स्थापित गर्छ भन्ने बिश्वासमा आउनु ।” बाइबलले हामीलाई भन्दछ येशू त्यो शक्ति हुनुहुन्छ ।

| |
|---|
| पेज नं. १० का उत्तरहरु: ४. आत्माहरु ५. असल, खराब |

६.दुर्व्यसनको शक्ति भन्दा परमेश्वरको शक्ति ………… छ ।

७.शैतानको जाल देखि हामीलाई स्वतन्त्र पार्न परमेश्वरले हाम्रो संसारमा …………. लाई पठाउनु भयो ।

८.येशूले हाम्रो ………… को दोष आफैमा लिनु भयो  र उहाँ …………. मा मर्नुभयो ।

९.जब तपाई येशूमा भरोसा गर्नुहुन्छ, मृत्यु पछि ……………… जानको निम्ति तपाई निश्चित हुन सक्नुहुन्छ ।

१०.शैतानको कार्यलाई प्रभु येशूको शक्तिले ……………. गर्नसक्छ, र हामीलाई ……… प्रकारले पुनस्थापित गर्न सक्नुहुन्छ ।

पेज नं. १४ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

## एक अध्यायको पुनरावलोकन

तपाईमा कुनै नराम्रो घटना घटेको होला । त्यो खराब कुराहरुले तपाईको आत्मालाई
दु:खी तुल्याएको होला । तपाईले दु:खहरु भुलाउन केहि कार्यहरु गर्ने कोशिष गर्नुभयो जो परमेश्वरको

ईच्छा बिरुद्ध भयो । तपाईले लागु पर्दाथ, मदिरा, परस्त्रीगमन र अरु चिजहरु प्रयोग गर्नुभयो होला । तपाईले केही समय तपाईको दु:ख बाट छुटकारा पाएको हुन सक्छ । तर तपाईले नसोचेको केहि कुरा तपाईले पाउनुभयो । तपाईले दुष्ट आत्मा पनि पाएको पाउनु भयो जसले तपाईको जीवनमा नियन्त्रण गरेर तपाईले नचाहेको कुरा गर्न तिर र तपाईको जीवनमा लागु गर्न कर लगाउँछ । त्यस पछि दुष्ट आत्माको अधीन देखि तपाई आफै स्वतन्त्र हुन शक्तिहिन हुनुभयो ।

तर परमेश्वरले तपाईलाई प्रेम गर्नु हुन्छ, उहाँसँग तपाईलाई तल झार्ने नरकको शक्ति स्वतन्त्र गर्ने शक्ति छ । उहाँले आफ्नो पुत्र येशू पठाएर उहाँद्वारा प्रेम देखाउनुभयो, जो तपाईले गरेका, भनेका र सोचेका सम्पुर्ण गलत कुराहरुको दोषलाई हटाउन मर्नुभयो । तपाईका पापको क्षमाको प्रतिज्ञा गर्दै त्यस बाहेक तपाईलाई स्र्वगमा अनन्त जीवनको प्रतिज्ञा गर्नुभयो, परमेश्व्रले तपाईलाई विवेकको जीवन जिउने शक्ति, दुर्व्यसनको नियन्त्रण बाट स्वतन्त्र जीवनको प्रतिज्ञा गर्नुभएको छ ।

पेज नं.१३ का उत्तरहरु: ६. महान ७. येशू ८. पापहरु, कुस ९. स्वर्ग १०. नष्टगर्न, स्थिर गर्न

**सोचेका प्रश्नहरु:**

(क) यदि तपाई धेरै मात्तिनुहुन्न, अथवा जब तपाईले कुनै लागु पर्दाथ पाउन
सक्नुभएन, तपाईको घाइते आत्मा देखि बाहिर आउन कुन पापपूर्ण कुराको प्रयोगले रोकेको छ ?
(उदाहरणको लागि: अरु मानिसहरुलाई आफ्नो नियन्त्रणमा ल्याउनु, अरु सँग धेरै रिसाउनु , समलिङ्गी कार्य, धेरै जस्तो समय केही काम नगरेर अथवा धेरै लामो समय कार्य गर्दै र धेरै कडा काम गर्नु पनि हो )

(ख) कसरी अरु मानिसहरुले तपाईको जीवन अनियन्त्रित भएको देखेकोले तपाईलाई भन्न कोशिस गरीरहेका छन ? तिनीहरुलाई तपाईले के भन्नुभयो (र तपाईले आफैलाई पनि भन्नुभयो) तपाईलाई कुनै समस्या छैन भनेर विश्वास दिलाउन कोशिस गर्नुभयो ?

(ग) यदि तपाई भन्दा येशू प्रभु शक्तिशाली हुनुहुन्छ भने कसले तपाईलाई सन्तुलित प्रकारले पुन:स्थापना गर्न सक्छ ? कुन प्रकारले उहाँ तपाईभन्दा महान हुनु आवश्यक छ ? (उदाहरणको लागि: जब तपाई आफै क्षमा दिन सक्नुहुन्न, तपाईलाई क्षमा दिन योग्यहुनु, जब तपाई कसरी नीवन परिवर्तन गर्ने भनेर सोच्न सक्नुहुन्न तपाईलाई जीवन परिवर्तन गर्ने चाहना दिनु )

# अध्याय एकको जाँच

१. तपाईको जीवनमा घटेका खराब कुराहरुले तपाईको आत्मा ................. भएको छ । जब तपाई आत्मिक दुखाईलाई रोक्नको लागि ............ ............... पाउनुहुन्छ, त्यो आत्मिक संक्रमणलाई दुर्व्यसन भनिन्छ ।

२.लागु पदार्थद्वारा तपाईले क्षणिक छुटकारा प्राप्त गर्नसक्नुहुन्छ, तर लागु पदार्थसँगै तपाई अरु गोक पनि प्राप्त गर्न सक्नुहुन्छ । दुष्ट ............... ले तपाईको ............. नियन्त्रण गर्न सक्छ ।

३.इमान्दार हुनलाई तपाईले स्वीकार गर्नुभएको छ कि तपाई मादक पदार्थ माथि ................ हुनुभएको छ अथवा तपाईको जीवन लिनको लागि शैतानले जे पनि प्रयोग गरेको छ ।

४.दुर्व्यसनको शक्ति भन्दा परमेश्वरको शक्ति ................ छ ।

५.जब येशू क्रुसमा मर्नुभयो उहाँले हाम्रा पापको क्षमा .................. भयो ।

(ठीक उत्तरमा घेरा लगाउनुहोस्)

६.जब तपाई येशूमा भरोसा राख्नु हुन्छ, तपाई सक्नुहुन्छ:

(क) तपाई स्वर्गमा जानुहुनेछ भन्ने आशा राख्न ।

(ख) तपाई स्वर्गमा जानुहुनेछ भन्ने कुरामा केहि निश्चित हुन ।

(ग) तपाई स्वर्गमा जानुहुनेछ भन्ने कुरामा पुरा निश्चित हुन ।

(ठीक उत्तरमा घेरा लगाउनुहोस्)

७.येशू सँग यि कुराहरु गर्ने शक्ति छ:

(क) दुर्व्यसनको नियन्त्रण बाट तपाइ लाई स्वतन्त्रण गर्ने ।

(ख) तपाईलाई तपाईले पाप गरिरहन बाट बच्न सहायता गर्ने ।

(ग) तपाईलाई स्वर्गमा लैजाने, तर तपाई आफ्नै यो संसार भित्र हुनुहुन्छ ।

पेज नं ७३ मा हेरी तपाईको उत्तर जाँच्नुहोस् ।

## तपाईको बाइबल प्रयोगको लागि

पापको दुर्व्यशनपूर्ण शक्ति र परमेश्वरको महान शक्तिको बारेमा थाहा पाउनलाई तपाई तलका पदहरु बाइबलमा पढन सक्नुहुन्छ :

दुर्व्यसनको मानसिक सन्तुलन हितोपदेश २३:२९,३५

शैतानले मानिसहरुको आत्मा लिन कोशिस गरी रहेको र येशूले तिनीहरुलाई स्वतन्त्र
पारेको लूका ८:२६–३९, मर्कूस ९:१४,२९

हाम्रो दुर्बलताले हामी आफैलाई सहायता गर्नलाई रोमी ७:७,२५

परमेश्वरको शक्तिले हामीलाई क्षमा दिन र शैतानको नियन्त्रण देखि हामीलाई स्वतन्त्र पार्दछ रोमी ८ अध्याय



अध्याय दुई

# कठोर हुने कोशिस नगर्नुहोस: आत्मसमर्पण गर्नुहोस

यो अध्यायमा बाइबलले हामीलाई कसरी गर्ने भन्ने बारेमा हेर्न गईरहेका छौं ।

* तपाईको नयाँ जीवन परमेश्वरको वरदान हो, तपाईले यो कमाउनलाई गर्नु भएको केही कार्य होइन ।

* तपाईमा नयाँ जीवन छ, किनभने परमेश्वर तपाईमा वास गर्नु हुन्छ ।

* तपाईमा नयाँ जीवन छ किनभने परमेश्वरले तपाईलाई नयाँ स्वभाव दिनुभएकोछ ।

* एउटा ख्रीष्टियनले पापको सट्टामा परमेश्वरलाई आफ्नो जीवनमा राज गर्न दिन सक्छ ।

तपाईले अरु मानिसहरुले उनीहरु धार्मिकतामा पूर्ण भएको भन्ने गरेको कुरा सुनेको हुन सक्छ । तपाईलाई थाहा छ त्यो के हो । कुनै व्यक्ति मण्डली जान शुरु गर्छ र बाइबल अध्ययन गर्छ र भन्छ, “म पापी हुने गर्दथे, तर येशूको प्रशंसा होस ! मैले ज्योतीलाई देखेको छु !” यस्तो व्यक्तिले धर्मी कुराहरु गर्न र धर्मी शब्दहरु बेल्न कडा परिश्रम गर्ने कोशिस गर्दछ । तर त्यो व्यक्तिको भित्र के साच्चिकै परिर्वतन भएको छ जहाँबाट यि कुराहरु आउँछन ।

तब चोट लाग्छ, जब तपाईको जीवन साँच्चि नै परिवर्तन भएको छ भन्ने मानिसहरु बिश्वास गर्दैनन् तब यो कुराले चोट पूरयाउछ । तर ती मानिसहरुको आफ्नो कारणहरु हुन सक्छन । सायद कुनै समयमा तपाईले मानिसहरुलाई यसरी भनेको हुन सक्छ । “म शपथ खान्छु फेरि यो कहिल्यै हुने छैन ! म मेरो बाटोलाई बदल्दैछु ! साँच्चि नै अहिले मैले बुझे !” र तपाई पनि यसलाई बुझ्नुभयो । तर अझै तपाई मदिराको बोतल समती रहेका नै रहेको हुन सक्छ, अथवा लागु पर्दाथको हुक्का तानी नै रहेको र फेरि बन्दुकै हानीरहेको हुन सक्छ । त्यसकारण

तपाईलाई अब कसैले भरोसा गर्दैन । सायद पताईलाई पनि थाहा छैन होला कि तपाई आफैलाई पनि भरोसा गर्न सक्नुहुन्छ कि हुन्न ।

दुर्व्यसन बाट छुटकारा पाउने कुरा तपाईले आफ्नो जीवन नियन्त्रणमा राख्न कडा कोशिस गरेको कारणले आएन । तपाईले कडा कोशिस गर्नुभयो । कडा परिश्रम गर्ने कोशिस गरेर तपाईको समय खेर नफाल्नुहोस । छुटकारा पाउने कुरा उद्धार पाउनु जस्तै हो, यो एउटा परमेश्वर बाटको वरदान हो । बाइबलमा हामी प्रत्इेकको निम्ति केही कडा बचनहरु छन, जो हामीहरु बरदानको रुपमा मात्र पाउन सक्ने कुरालाई कडा परिश्रम गरेर पाउने कोशिस गर्दछौ । गलाती ३:१–५ मा परमेश्वर भन्नुहुन्छ, “हे मूर्ख गलाती हो, कसले तिमीहरुलाई मोहनी लाएर वशमा पा¥यो ? तिमीहरुका आँखाकै सामुन्ने येशू ख्रीष्ट कूशमा टाँगिनुभएको कुरा स्पष्ट रुपले वर्णन गरिएको थियो । यति मात्र म तिमीहरुलाई सोध्न चाहन्छु, तिमीहरुले पवित्र आत्मालाई
व्यवस्थाका कामहरुद्वारा पायौ, कि सुनेका वचनलाई विश्वास गरेर ? के तिमीहरु यति मूर्ख छौ, कि आत्मामा शुरु गरेर शरीरमा शेष गर्दछौ ? के यतिका दु:ख तिमीहरुले व्यर्थमा भोग्यौ त ? यदि यो साँच्चै व्यर्थमा भयो भनेता । जसले तिमीहरुलाई पवित्र आत्मा दिनु हुन्छ, र तिमीहरुका माझ आश्चर्यकर्महरु गर्नुहुन्छ, के यो सबै उहाँले व्यवस्थाका तिमीहरुका कामको कारणले गर्नुभएको हो, कि सुनेका वचनमा तिमीहरुले विश्वास गरेको कारणले हो ?”

परमेश्वरले हामी सबैलाई स्वर्गमा अनन्त जीवन अथवा पृथ्वीमा हाम्रो नयाँ जीवन पाउनको आफ्नो कार्य द्वारा कोशिस गर्ने कुरा समाप्त गर्नको लागि बोलाउदै हुनुहुन्छ । परेश्वरको जीवनको वरदान येशूमा प्राप्त गर्नुहोस । त्यो नयाँ जीवनमा दुर्व्यसनको नियन्त्रणबाटको स्वतन्त्रता पनि समावेश भएको छ ।

१. ति मानिसहरु जो धर्मी कुराहरु गर्न र धर्मी शब्दहरु बोल्न कडा परिश्रम गर्दछन् तिनीहरु आफैलाई..................बाट बदल्न सक्दैन जहाँबाट त्यो आउँछ ।

२.स्वर्गमा अनन्त जीवन त्यो कुरा हो जुन दिनलाई येशू ...................., र हामी त्यसलाई सित्तैमा पाएको ................... को रुपमा ग्रहण गर्दछौ ।

३. यस पृथ्वीमा रहँदाको नयाँ जीवन पनि हामीले येशूबाट सित्तैमा पाएको ................... हो ।

पेज नं २४ को तल तपाईको उत्तरहरु जाँच्नुहोस ।

बाइबलले भन्छ कि जब परमेश्वरले तपाईलाई येशूमा विश्वास दिनुहुन्छ उहाँले तपाईलाई विश्वास मात्र दिनु हुन्न । उहाँ आफैलाई तपाईको निम्ति दिनुहुन्छ । १ कोरिन्थी १२:३ मा परमेश्वर भन्नुहुन्छ, “ पवित्रआत्मा द्वारा मात्र येशू नै प्रभु हुनुहुन्छ भन्न सक्छ ।” यूहन्ना १५:४,५ मा येशू भन्नुहुन्छ, “ममा रहो, र म तिमीहरुमा रहन्छु । जसरी हाँगा दाखको बोटमा रहेन



येशूले उहांका चेलाहरुलाई पवित्रआत्मा पठाउने प्रतिज्ञा गर्नुभयो ।

भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरु ममा रहेनौ भने तिमीहरुले पनि सक्दैनौ ।" "दाखको बोट म हुँ, तिमीहरु चाहिँ हाँगाहरु हौ । यदि कोही ममा रहयो भने, र त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरु केही गर्न सक्दैनौ ।"

सर्वशक्तिमान परमेश्वर, पिता, पुत्र र पवित्र आत्मा, जसले येशू प्रभुलाई आफ्नो मुक्तिदाता भनेर भरोसा राख्दछ तिनीहरु प्रत्येकको जीवनमा रहनुहुन्छ ।

एउटा इसाईको रुपमा नयाँ जीवन जिउनुको अर्थ आफ्नै

सहायताको लागि कडा परिश्रम गर्नु र आफैले पापहरु माथि नियन्त्रण गर्ने कोशिष गर्नु होईन । एउटा इसाईको रुपमा नयाँ जीवन जिउनुको अर्थ परमेश्वरबाट नयाँ स्वभाव प्राप्त गर्नु हो । येशू तपाई भित्र रहेको नयाँ स्वभाव । गलाती २:१९,२० मा पावल प्रेरितले येशूमा आफ्नो नयाँ जीवनको बारेमा भन्छन, "किनकि परमेश्वरको निम्ति म जिउन सँकू भनेर व्यवस्थाद्वारा व्यवस्थाको लेखि म मरेको छु । म ख्रीष्टसँगै क्रूसमा

पेज नं. २२ का उत्तरहरु: १. भित्र २. मर्नुभयो, उपहार ३. उपहार

टाँगिएको छु, अब उप्रान्त जिउने म होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरको पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफुलाई अर्पण गर्नुभयो ।"

परमेश्वरले तपाईलाई विश्वास गर्न निम्त्याउनु हुन्छ कि उहाँले तपाईका सबै पापहरु क्षमा गर्नुहुन्छ । त्यहि क्षण उहाले तपाइलाई नयाँ जीवन दिदैहुनुहुन्छ भन्ने विश्वासमा गर्न निम्त्याउनु हुन्छ । परमेश्वर तपाईमा रहन र तपाईको नयाँ जीवनको शक्ति हुने प्रतिज्ञा गर्नु हुन्छ ।

४. जब परमेश्वरले तपाईलाई येशूमा विश्वास दिनुहुन्छ उहाँ .............. तपाईमा वास गर्नुहुन्छ ।

५. येशूले भन्नुभयो, "साँचो दाखको बोट म हुँ । तिमीहरु हाँगा हौ । यदि कोही ममा .............. भने र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ ।

६. गलाती २:१९,२० मा पावल भन्छन, "म ख्रीष्टसँग क्रूसमा............... छु । अब उप्रान्त जिउने म होइन, तर ख्रीष्ट ममा ................ हुन्छ ।

७. परमेश्वरले तपाईलाई विश्वास गर्न निम्त्याउनु हुन्छ कि उहाँले तिम्रा सबै पापहरु क्षमा गर्नुहुन्छ, र उहाँले तिमीलाई एउटा नयाँ .............. दिनुहुन्छ ।

पेज नं २८ को तल तपाईको उत्तरहरु जाँच्नुहोस ।

प्रत्येक व्यक्ति एउटा पापीको रुपमा जन्मिन्छ । ती व्यक्ति जसले येशूमा विश्वास गरेका छैनन् तिनीहरु पुरानो पापमय दासत्वमा टाँसिएका हुन्छन ।
तिनीहरुको वास्तवमा कुनै छनौट हुँदैन, तर तिनीहरुको पापमय स्वभावले जे भन्छ तिनीहरु त्यही
गर्छन । जब परमेश्वरले तपाईलाई येशूमा विश्वास दिनुहुन्छ, उहाँले तपाईलाई नयाँ
स्वभाव दिनुहुन्छ । पुरानो पापमय सवभावको अंश तपाईबाट गैसक्यो भन्ने त्यसको अर्थ होइन । तपाई अझै आफ्नो मनमा केही पापमय बिचारहरु र पापमय चाहानाहरु भेट्टाउनुहुन्छ ।
। तर अहिले पाप तपाईको मालिकको रुपमा छैन । केही वास्तविक छनौटहरुको लागि अब तपाई संग येशूमा शक्ति छ । यहाँ येशूका चेलाहरुले बनाएका छनौटहरुको बारेमा बाइबलले केही उदाहरण भन्छ, "यसैले त भाइ हो, पाप–स्वभाव अनुसार जिउनलाई हामी पाप–स्वभावप्रति बाध्य छैनौं किनकि पाप–स्वभावअनुसार जिउँछौ भने, तिमीहरु मर्छौ, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरु तिमीहरुले निर्मूल पार्‍यौ भने, तिमीहरु जिउँनेछौ । (रोमी ८:१२,१३)

यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी, म तिमीहरुलाई अनुरोध गर्दछु, कि तिमीहरुको आत्मिक उपासनाको रुपमा आ–आ ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रुपमा अर्पण । (रोमी १२:१)

“यसकारण तिमीहरुमा जो सांसारिक स्वभावका कुराहरु छन् तिनलाई मार: व्यभिचार, अशुद्धता, कामुता, खराब इच्छा र लोभ, जो मूर्तिपूजा हो । यिनै कुराहरुका खातिर परमेश्वरको क्रोध आज्ञा नमान्नेहरु माथि आउँदछ । तिमीहरु पनि यी कुराहरुमा रहँदा अघि एक समय यस्तै कुरामा चल्दथ्यौ । तर अब तिमीहरुले पनि यी सबै कुरा त्याग: रीस, क्रोध, डाह, निन्दा आ नो मुखबाट निस्कने फोहोर बोली । एउटाले अर्कालाई नढाँड, किनकि पुरानो स्वभाव त्यसका चाल चलनसमेत तिमीहरुले त्यागेका छौ, र नयाँ स्वभाव धारण गरेका छौ, जो आ नो सृष्टिकर्ताको रुप अनुसार ज्ञानमा नयाँ भए रहेको छ । (कलस्सी ३:५–१०)

“दाखमद्यले नमातिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ ।
(एफिसी ५:१८)

यदि तपाई येशूलाई आ नो मुक्तिदाताको रुपमा भरोसा गर्नुहुन्छ भने, तपाई परमेश्वरले बनाउनु भएको नयाँ व्यक्तिको रुपमा जीउन र सोच्न सुरु गर्नुहुन्छ । तपाईको पुरानो स्वभावमा रहेका कुराहरुलाई रोक्दै, परमेश्वरलाई तपाईको मालिक हुन दिनुहुन्छ । ख्रीष्टियनले जब तेस्रो कदम अनुसार यहि कुरा गर्दछन । तेस्रो कदम: “आ नो ईच्छा र जीवन परमेश्वरको रेखदेखमा फर्कनलाई निर्णय गर्नु, जस्तो हामीले उहाँलाई बुझेका छौ ।”

यसलाई यसरी सोचौ : मानौ तपाईले बर्षौ देखि लागि धेरै शक्तिशाली, धेरै नकारात्मक र धेरै लोभी व्यक्तिसँग कोठामा सँगै बस्दैहुनुहुन्छ । उसले तपाईलाई तर्साउँछ र तपाईबाट चोर्छ । उसले कोठाको भित्तालाई फोहोरी तस्वीरले ढाकेको छ । उसले जे भन्यो, त्यसमा नियन्त्रण बनाईराख्छ । यसकारण उसित अपराधमा सहभागी हुने र लागु पर्दाथ प्रयोग गर्ने बारेमा कुराकानी गर्न सधै बन्द गर्नुहुन्छ ।

तपाईले उसको सबै फोहोरी ठट्टाका कुरामा हाँस्नु पर्छ । यदि उ खराब अवस्थामा छ भने निश्चय नै तिमीलाई पनि खराब अवस्थामा पार्छ । त्यो व्यक्तिको कारणले यस्तो साथी सँग एउटै कोठामा बस्नु चाहिँ नरकमा बस्नु जस्तै हो ।

पेज नं २५..२६ को उत्तरहरु : ४ आफै≤ ५ जोडिएको≤ ६ चढीएको, जीवन ७ आत्मा अथवा जीवन

त्यस पछि एक दिन तपाईलाई त्यो एउटै कोठामा बस्ने साथीले छोड्छ । तपाईले एउटा नयाँ साथी पाउँनुहुन्छ । उहाँ न्यानो प्रकारले मुस्कुराउँनुहुन्छ र र हात समाउदै भन्नुहुन्छ "म येशू हुँ" ।

अब तपाई आफ्नो कोठा येशू सित बाडिरहनु भएको छ । अब के हुनेछ ? तपाईको पुरानो साथीले उसको फोहोरी तस्वीरहरु र उसको कुरुपताको सोच्ने तरिका छोडेको छ । के तपाई आफ्नो कोठाको नयाँ साथीलाई भन्दैहुनुहुन्छ "अब हामी यि चिजहरु जस्तो अवस्थामा छन् तिनीहरुलाई त्यस्तै रहन दिऔ ।" के तपाई उहाँलाई भन्न यसरी भन्नुहुन्छ, " तपाई कोठाको आफ्नो भागलाई जस्तो चाहन्छौ त्यही गर, तर मेरो भागलाई एक्लै छोड ।" के तपाई उहाँलाई भन्दैहुनुहुन्छ, "म यो कोठालाई

सर्वोत्तम स्थान बनाउने कठोर मेहनत गर्नेछु ।" अथवा के तपाई उहाँलाई भन्दैहुनुहुन्छ, "अब यो तपाईको कोठा हो । तपाई जे गर्न चाहनुहुन्छ त्यही गर्नुहोस , र म तपाईलाई सहायता गर्नेछु ।

"यही कुरा येशूमा बिश्वासमा आउने प्रत्येक सित हुन्छ तपाईमा हुने व्यक्ति गैसकेको हुनुपर्दछ र तपाईको हृदयमा रहनको लागि येशू आएको हुनु पर्दछ । तर तपाईको पुरानो स्वभावको अवशेष छोडेको छ, जसमा यि कुराहरु समावेश छन् । घृणा, अभिलाषा, सराप्नु र किरिया खानु । के तपाई पापलाई तपाईको जीवनमा जसरी पहिले प्रयोग भैरहेको थियो त्यस्तै रहन दिनुहुन्छ र भन्नुहुन्छ, " म जस्तो छु त्यस्तै रहन चाहान्छु ।" के तपाई

येशूलाई जीवनको केही अंश दिन कोशिस गरिरहनु भएको छ र बाकि अरु अंश आफै राख्दैहुनुहुन्छ ? के तपाई आफ्नो
समस्यालाई आफै समाधान गर्न कठिन कोशिष गर्दैहुनुहुन्छ ? अथवा के तपाई परमेश्वरको निमन्त्रणा सुन्न र येशूलाई नै सबै कुरा हुन दिनुहुन्छ ?

८. ति मानिसहरु जो येशूमा बिश्वास गर्दैनन्, तिनीहरु सित कुनै छनौटहरु छन्, तर तिनीहरुको ................ .................... जे गर्न लगाउछ त्यही गर्दछन् ।

(ठीक उत्तरमा घेरा लगाउनुहोस्)
९. येशूमा बिश्वास गर्ने व्यक्ति: त्यो हो :
(क) त्यही व्यक्ति उ सधैं जस्तो थियो त्यस्तै रहने ।
(ख) उ जस्तो हुने गर्दथ्यो त्यो भन्दा असल व्यक्ति ।
(ग) एक जना नयाँ व्यक्ति, जसभित्र परमेश्वर रहनुहुन्छ ।

१०.यदि तपाईले येशूलाई आफ्नो उद्धारकर्ता भनेर विश्वास गर्नुभयो, भने तपाई अब परमेश्वरलाई ............... ................... मालिक हुनलाई चुन्नुहुन्छ ।

(ठीक उत्तरमा घेरा लगाउनुहोस् )
११.यदि तपाई येशूलाई आफ्नो उद्धारकर्ताको रुपमा येशूमा विश्वास गर्नुहुन्छ भने, तपाई अब छान्न सक्नुहुन्छ:
(क) तपाई पहिले हुनुभएको भन्दा पापरहित हुन ।
(ख) तपाईको जीवनमा पापलाई शासन गर्न नदिएर ।
(ग) तपाई जस्तो हुनुहुन्छ त्यस्तै रुपमा तपाईका पापलाई स्वीकार मात्र गरेर ।

तपाईको उत्तरहरु पेज नं ३२ को तल हेरी जाँच्नुहोस् ।

## अध्याय दुईको पुनरावलोकन

एक जना व्यक्तिले उसको जीवन बदल्न कोशिस गर्न सक्छ, तर परमेश्वर बाटको येशूमा उसको विश्वास छैन भने, अथवा यदि उ आफैद्वारा आफ्नो जीवन बदल्न कोशिस गरिरहेको छ भने, उसको कोशिसको परिणाम सोचे अनुसार गईरहेको छैन । वास्तवमा उ आफैलाई भित्रबाट बदल्न सक्दैन, जहाँ आशा राखिएको हुन्छ । तर जब तपाईलाई परमेश्वरले येशूमा विश्वास दिनुहुन्छ, उहाँ तपाईको हृदयमा वास गर्न आउनुहुन्छ र तपाईलाई लाई नयाँ व्यक्ति तुल्याउनु हुन्छ ।
यद्यपि इसाईहरुको पुरानो मनुश्यत्व गईसकेको छ, त्यसले पापपूर्ण अवशेष लाई पछाडि छोडेको छ, त्यो अवेशषहरुमा घृणा, अभिलाषा, सराप्नु र किरिया खानु समावेश छन । तर परमेश्वरले परमेश्वरले तपाईलाई

दिनुभएको नयाँ मनुश्यत्वले अब भन्न सक्छ, "पापले मेरो जीवनमा शासन गर्न गईरहेको छैन । येशूलाई तपाई नियन्त्रण गर्नुहोस ।"

**सोचेका प्रश्नहरु**

(क) के तपाईको जीवनको कुनै कुरामा तपाई नै मालिक बन्नु भएकोछ, किनकी तपाईले सोच्नु भयो त्यो परमेश्वरको जीम्मेवारी होईन । के तपाईमा केहि यस्ता कुराहरु छन जो कुराहरुमाथि परमेश्वर मालिक भएको तपाई चाहानुहुन्न ?

(ख) जब तपाईले तपाईको जीवनको केही अशं येशूबाट फिर्ता लिएर आफै चलाउनु भयो भने के हुन्छ ?

(ग) बाइबलले भन्छ यदि तपाईले येशूलाई उद्धारकर्ताको रुपमा ग्रहण गर्नुभयो भने तपाई एउटा नयाँ व्यक्ति हुनुहुन्छ । तर तपाई सधैको पुरानो मनुश्यत्वको जस्तो अनुभव गर्न सक्नुहुन्छ ।तपाईको अनुभवले के भन्दछ त्यो बिश्वास गर्नुहुन्छ कि बाइबलले के भन्दछ त्यसमा बिश्वास गर्नुहुन्छ ?

पेज नं. ३०..३१ का उत्तरहरु: ८. पापी स्वभाव ९. ग. १०.तपाईको जीवन ११. ख.

# अध्याय दुईको जाँच

१.स्वर्गमा अनन्त जीवन त्यो कुरा हो जुन दिनलाई येशू ...................., र हामी त्यसलाई सित्तैमा पाएको ................... को रुपमा ग्रहण गर्दछौ ।

२.एउटा नयाँ जीवन (दुर्व्यसनको अधिनबाट स्वतन्त्र भएको जीवन पनि) हामीले सित्तै पाएको ................ हो ।

३.तपाई पापपूर्ण ............. मा जन्मिनु भएको थियो ।

४.गलाती २:१९–२० मा पावल लेख्छन,"म ख्रीष्टसँगै क्रूसमा ........... छु । अब उप्रान्त जिउने म होइन, तर ख्रीष्ट ...,............ हुन्छ ।

५. परमेश्वरले तपाईलाई विश्वास गर्न निम्त्याउनु हुन्छ कि उहाँले तिम्रा सबै पापहरु क्षमा गर्नुहुन्छ, र उहाँले तिमीलाई एउटा नयाँ ............. दिनुहुन्छ ।

६.परमेश्वरले प्रत्येक इसाईलाई येशूसँग उसको हृदयमा एउटा नयाँ व्यक्ति बनाउनु भए देखि नै, हरेक इसाईले ............... .................. मालिक हुन लाई छान्न सक्छ ।

तपाईको उत्तरहरु पेज नं ७३ मा जाँच्नुहोस् ।

## तपाईको बाइबल प्रयोग गर्नको लागि

रमेश्वरको सितैको नयाँ स्वभाव वा नयाँ व्यक्ति, नयाँ जीवन र शैतान माथिको शक्तिको बरदानको बारेमा अझै पत्ता लगाउनको लागि बाइबलका निम्न खण्डहरु पढ्नुहोस ।

प्रत्येक मानिस पापपूर्ण स्वभावले जन्मेको छः
भजनसंग्रह ५१:१–५, रोमी ८:३–९

इसाईहरुको नयाँ स्वभाव र व्यक्ति, येशू सित गाँसिएका छन:
यूहन्ना १५:१–८, रोमी ६:१–४, कलस्सी ३:१–४, एफिसी २:१–१०

इसाईको शक्ति पापको सट्टा येशूलाई शासन गर्न दिनु हो:
रोमी ६:५–१४, ८:१–१६, तीतस २:११–१४



## अध्याय तीन

# घरको सरसफाई

टोनीले एउटा ख्रीष्टियन जीवन बिताउन शुरु गरेका थिए । उनले लागु पर्दाथ सेवन
गर्न छोडेका थिए । केही महिना पछि उनको आमाको घरमा ख्रीष्टमस मनाउनलाई
जाने निर्णय गरे । जब उनी त्यहाँ थिए उनलाई पुलिसले देख्यो । बितेको समयमा टोनीले कानुनलाई भङ्ग गरेका थिए । टोनीमा केही पुराना आरोपहरु थिए यसमा उसले कहिले पनि विचार पुऱ्याएको थिएन । उनले तिनीहरुलाई बिर्सिसकेका थिए, तर पुलिसले बिर्सेको थिएन र अब टोनीलाई झ्यालखानामा लगियो ।

कोही व्यक्तिले टोनीलाई येशूले दिएको जस्तै नयाँ जीवन बिताउन सुरु गरेको छ भने तपाई फेरि जन्मिनु भएको भएपनि तपाईले आफ्नो पुरानो जीवनबाट सँगै कृही समस्या ल्याउनुहुन्छ । यस प्रकारको समस्याले अरु मानिसहरुलाई मन दुखाउने बाटो र अरु मानिसले तपाईको मन दुखाउने बाटो हुन सक्छ । टोनीको पुरानो समस्याहरु जस्तै यदि तपाईले समस्याको बारेमा केही गर्नु भएन भने तपाईको जीवनमा भएको समस्याबाट निश्चय नै दुःख पाउन सक्नुहुनेछ ।

यो अध्यायमा बाइबलले यसको बारेमा कसरी के भन्छ भन्ने विषयमा हेर्न गईरहेका छौं :

* शैतानले तपाईको बितेको समयको शर्म र पापद्वारा फसाउन कोशिस गर्छ≤ र

* शैतानको अधीनको जीवनबाट छुटकारा पाउनको लागि पश्चात्ताप गर्नु परमेश्वरको बाटो हो।

तपाईले कहिल्यै असल उदेश्यले सुरु गरेको दिन अथवा असल कार्य गर्न आशा गर्नुभएको छ ? तपाई भन्नुहुन्छ, “प्रभु परमेश्वर, मेरो जीवन तपाईको हातमा छ । आज म तपाईको बालक जस्तै भएर जिउन चाहन्छु ।” त्यस पछि तपाई कोही सित रिसाउनु भएको थियो वा अरु कुनै पाप गर्नु भएको

थियो भन्नेकुरा थाहा पाउनु भन्दा पहिले यसले तपाईलाई यसरी अचम्म पार्दछ वा सोच्न लगाउँछ, " म सँग के खराब छ ? त्यही कुरा नै तपाईले पत्ता लगाउन उत्तिकै आवश्यक छ ।

चौथो कदमले भन्छ, "हामीले आफै निर्भय र नैतिकताको सुची बनाउनु पर्छ ।" एघारौ कदमले भन्छ, "हामीले लगातर व्यक्तिगत सुची लिनुपर्छ र जब हामी गल्ती गर्छौ तुरुन्तै स्वीकार्नु पर्छ ।" बाइबलले यही कुराहरु गर्नलाई भन्दछ । उदाहरणको लागि, भजनसंग्रह १३९:२३–२४ मा बाइबलले भन्दछ ।
हे परमेश्वर, मलाई जाँच्नुहोस्, र मेरो हृदयलाई जान्नुहोस् । मलाई जाँच्नुहोस्, र मेरा चिन्ताहरुलाई जान्नुहोस् । हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि, र मलाई अनन्तको मार्गमा डोऱ्याइदिनुहोस् ।

१. तपाईमा भएको असल मनसायहरुले तपाईलाई ठिक जीवन जीउनको लागि र पापलाई अस्वीकार गर्नको लागि प्रसस्त हुन्छ ? ............

२.तपाईले ठीकसँग बाँच्ने तरिका प्राप्त गर्नको लागि एउटा "अनुसन्धान र निडर ...........,.......... ...................... " लिनु आवश्यक छ ।

३.भजनसंग्रह १३९मा बाइबलले प्रार्थना गर्न भन्छ कि परमेश्वरले तपाईको विचार ................ र सधैं ठीक बाटोमा रहनलाई ...............गर्नुहुनेछ ।

ठीक उत्तरको लागि पेज नं ४० को तल हेर्नुहोस् ।

तपाई भन्न सक्नुहुन्छ,"येशू मेरो जीवनको प्रभु हुन," र यस्तै हुनु पनि पर्छ । तर अझै तपाइको जीवनको केही अंश बाँकि रहेको हुन सक्छ जहाँबाट तपाईले येशूलाई बाहिर राख्नुभएको छ र तपाईले अझै यसलाई जान्नु भएको छैन । यसकारणले तपाईले परमेश्वरको प्रकाशलाई तपाईको मष्तिष्क र जीवनमा चम्कन दिनु आवश्यक छ र शैतानले तपाइ भित्र आउनको लागि तपाईलाई कसरी चलाईरहेको छ हेर्नुहोस् ।
सर्वप्रथम, बाइबल को बारेमा जान्नुहोस, यसरी परमेश्वर कस्तो हुनुहुन्छ भनेर तपाई बुझ्न सक्नुहनेछ । उहाँ के चाहनुहुन्छ र के चाहनुहुन्न सिक्नुहोस । त्यस पछि पवित्र आत्माले तपाईलाई सहायता गर्न सक्नुहुन्छ ।

* सधैं बाइबल पढन र आफै प्रार्थना गर्ने बानी बसाल्ने≤

* बाइबल अध्ययन र प्रार्थनाको भाग अरु इसाईहरु सँगसँगै गर्ने≤ र

* आराधना सेवामा जाने र मण्डलीका अगुवाहरु बाट बाइबलको बारेमा पत्ता लगाउने

एघारौ कदमले भन्छ, प्रार्थना द्वारा खोज र ध्यान मग्नताले हाम्रो विवेकलाई सुधार्न परमेश्वर सँग सर्म्पक गरौ, जसरी हामी उहाँलाई बुझ्दछौ कि प्रार्थनामात्र हाम्रो लागि उहाँको इच्छाको ज्ञान र त्यसलाई लागु गर्ने शक्ति हो ।
तपाईलाई परमेश्वरमा ध्यानमग्न हुनलाई, तपाईको ध्यानमग्नताले केही असल हुन्छ कि भन्ने थाहा पाउन परमेश्वरको बारेको सत्यता तपाईसित हुनु आवश्यक छ । त्यसकारणले तपाईले मानिसहरुको लागि परमेश्वरको सत्य सन्देश थाहा पाउनु आवश्यक छ । जसै तपाई परमेश्वरको सत्यतालाई थाहा पाउनुहुन्छ, तपाई आफ्नै बारेको सत्यता लेख्न सुरु गर्नुहुन्छ, जो तपाईको नैतिक सुची हो । तपाईले असल र खराब जे पत्ता लगाउनु भएको छ त्यसको बारेमा सुची बनाउन आवश्यक छ । कहाँ परमेश्वरले तपाईमा परिवर्तन गरी सक्नुभएको छ र कहाँ अझ बढी परिवर्तन गर्नु जरुरी छ भनेर यसले तपाईलाई हेर्न सहायता गर्छ । त्यहाँ कुनै जीवनका भागहरु जहाँ तपाई परमेश्वर बाट फिर्ता लिएर तपाईको आफ्नो जीवन चलाउने कोशिष गरिरहनुभएको ।यसले तपाईलाई शैतानले तपाईको जीवनका कुन भागहरु प्रयोग गरेर परमेश्वर बाट टाढा लैजाने र फेरि उच्चता प्राप्तिको लागि पछाडि पार्ने कोशिस गर्न सक्छ भनेर हेर्न सहायता गर्छ ।

तपाईको समय लिनुहोस् । अरु मानिस जसलाई तपाई विश्वास गर्नुहुन्छ सहायता माग्नुहोस् । इमान्दार हुनुहोस् । तपाईले जे लेखि रहनुभएको छ कसैले कहिल्यै पढेको छैन् तर तपाई आफैले जान्नुहुन्छ, यसकारण तपाईले कसैलाई प्रभावित गर्नु आवश्यक छैन । । प्रार्थना गर्नुहोस कि तपाईले आफ्नो बारेमा जे जानेको परमेश्वर चाहनुहुन्छ उहाँले तपाईलाई सो देखाईदिनुहुनेछ । । यो विश्वास गर्नुहोस् कि जब येशू कूसमा मर्नुभयो तब उहाँले सबै पापहरुको मोल तिर्नुभयो, जुन पापहरु तपाईले आफैलाई जाँच्दा आफुभित्र पाउनुभयो । परमेश्व्रले क्षमा नदिनु भएको कुनैपनि कुरा तपाईले पाउनुहुने छैन ।

४.परमेश्वर कस्तो हुनुहुन्छ, उहाँ के चाहनु हुन्छ र चाहनु हुन्न भनेर तपाई कसरी थाहा पाउनु हुन्छ ?

५.तीन प्रकारले बाइबललाई अझ राम्रो प्रकारले जान्न सक्नुहुन्छः
१)

२)

३)

पेज नं. ३७..३८ का उत्तरहरुः १.होइन, २.नैतिक सुची, ३.थाहा पाउन, सहायता

६.नैतिक सुची लेख्ने कार्यले तपाईलाई, कहाँ परमेश्वरले तपाईमा
............. गर्नु भएको छ, तपाईको जीवनको कुन भागहरुलाई परमेश्वर बाट तपाईले ..................
.............. भएको छ, र तपाईको जीवनको कुन भागहरुलाई शैतानले
.............................................................................
..... र ..........................................................
को लागि प्रयोग गर्ने कोशिस गर्न सक्छ ।

तपाईको उत्तरहरु पेज नं ४२ मा जाँच्नुहोस् ।

त्यसपछि के ? पाँचौ कदमले भन्छ, "परमेश्वरमा, हामी आफैमा र अरु मानवमा भरोसा गर्नु हाम्रा भूलहरुको दुरुस्त स्वभाव हो ।" बाइबलले हामीलाई यो पनि भनेको छ । उदाहरणको निम्ति: याकूबको पुस्तक ५:१५,१६मा परमेश्वर भन्नुहुन्छ: यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ । यसकारण तिमीहरुले एउटाले अर्कासंग आ आफ्ना पापहरु स्वीकार गर । तिमीहरु निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर ।"
एउटा भनाई छ: "तपाईको सबभन्दा खराब गोग्यताले बढी भन्दा बढी बिरामी हुनुहुन्छ । यदि तपाईले आफ्नो लज्जास्पद गोग्यतालाई केहि समयको लागि आफसितै लैजादैहुनुहुन्छ भने, यसले तपाईलाई त्यस्ता कुराहरु भन्न र गर्न लगाउँछ जुन तपाई गर्न र भन्न चाहनुहुन्न । यो शैतानले तपाईकहाँ पुग्नको

लागि दिएको एउटा तरिका हुन सक्छ ।  बाइबलले भन्छ शैतान एउटा दोष लगाउने हो ।
उसले तपाईको गोप्य लज्जापनको विषयलाई उठाएर यसरी सोच्न बाध्य बनाउँछ, “म एउटा पराजित व्यक्ति हुँ । मैले यो सब त्याग्नु पर्दछ ।”
तपाई आफ्नो जीवनको गल्तीलाई तपाईले भरोसा गरेको कुनै व्यक्तिकहाँ स्वीकार गरेर शैतानका योजनाहरुलाई बिफल तुल्याउन सक्नुहुन्छ ।
विशेषत:यदि त्यो व्यक्ति इसाई हो भने त्यसले तपाईलाई परमेश्वरको प्रेम र क्षमाको विषयमा तपाईलाई बताउन सक्छ । (पास्टर वा अगुवा सहयोगी हुन सक्छन किनकी उनीहरुले सुनेका कुराहरु गोप्य राख्नु पास्टर वा सेवकको कार्य हो ।)
७.बाइबलले शैतानलाई ………………… भन्छ, किनकि शैतानले तपाईको तपाईको गुप्त  र लाजमर्दो कुरालाई प्रकट गर्न कोशिस गर्छ  तपाई लाई आशारहित बनाउने कोशिष गर्दछ ।
८.जब तपाईले गरेको गल्तीको बारेमा अरु इसाईहरुलाई भन्नुहुन्छ, त्यो इसाई व्यक्तिले परमेश्वरको ………………… र ……………… को बारेमा कुरा गर्न सक्छ ।
तपाईको उत्तरहरु पेज नं ४४ मा जाँच्नुहोस् ।

पेज नं ४०..४१ का उत्तरहरु: ४.बाइबलबाट थाहा पाएर, ५.आफै बाइबलद्वारा पढेर, बाइबल अध्ययनको लागि अरु खीष्टियनहरु सँगसँगै भएर, मण्डलीका अगुवाहरु सँग आराधना सेवामा मण्डलीका अगुवाहरु बाट बाइबलको बारेमा सिक्ने, ६.बदलिनु, परमेश्वर बाट टाढा लैजाने र उच्चता प्राप्तिको लागि पछाडि पार्ने



येशूले शैतानलाई उहाँ परमेश्वरको बिरुद्धमा पाप गर्नुहुन्न भनेर हप्काउनु भयो ।

अझै तपाई पुरानै प्रकारले सोची रहनुभएको थियो भने, तपाई सायद यसरी केही कुरा भनी रहनुहुन्छ होला, “अहिले मैले गलत के हो भन्ने कुरा थाहा पाए, मैले आफैलाई असल व्यक्ति बनाउन कठोर परिश्रम गर्नुपर्छ ।” **पहिले कदमको** बारेमा सोच्नुहोस् जहाँ तपाईको पापहरुमाथि शक्तिहिनत हुनुहुन्छ भनेर स्वीकार गर्नुभयो, र **दोस्रो कदममा** तपाईको शक्ति भन्दा एउटा ठूलो शक्ति छ भनेर तपाई विश्वासमा आउनुभएको थियो, परमेश्वरले तपाईलाई सन्तुलित प्रकारले पुनस्थापन गर्नु सक्नुहुनेछ ।

परमेश्वरले तपाईमा के गलत छ त्यति मात्र भन्नुहुन्छ र जे गलत छ त्यसलाई तपाई आफैले ठिक गर्नको लागि तपाईमा नै छोडिदिनुहुन्छ भन्ने झुठो बिश्वास कहिल्यै पनि नगर्नुहोस । परमेश्वर कहिले पनि “अब तिमी जे गरेपनि आफ गर” भन्नुहुन्न । तपाईले आफुलाई परिवर्तन गर्ने कुरा तपाई मा नै छ भनेर सोच्नुको सट्टा तपाईले भजनसंग्रह ५१ मा भनिएका कुराहरु तपाई सोच्न सक्नुहुन्छ र प्रार्थना गर्न सक्नुहुन्छ “मलाई धुनुहोस् । तब म हिँउ भन्दा सेतो हुनेछु । तपाईको भनाई मलाई सुन्न दिनुहोस, तपाईको पाप क्षमा भएको छ...........

परमेश्वरले, ममा शुद्ध हृदय सृजनु भएको छ । मलाई नयाँ आत्मा दिनुहोस् ताकि तपाईमा

पेज नं. ४२ का उत्तरहरु: ७. दोष लगाउने , ८.प्रेम, क्षमा

विश्वासयोग्य हुन सकुँ............मलाई त्यो आत्मा दिनुहोस्, ताकि तपाईको आज्ञा मान्न सकुँ । ताकि निरन्तर रहन सकोस"

यसकारणले तपाईले तपाई आफैले असल व्यक्ति हुनलाई कसरी कडा परिश्रम गर्नुपर्दछ भन्ने कुरा सोच्नुको सट्टा, कदम छैटौ र सातौले भन्छ, "परमेश्वरले सबै चारित्रिक दोषहरु हटाउनु हुन्छ भनेर पूर्ण तयारीमा रहनु पर्छ," "र विनम्रता साथ हाम्रो कमजोरी हटाउन उहाँ सँग प्रार्थना गरौ ।" परमेश्वर तपाईले पुरानो जीवनको अनुसार को जीउने तरीका र सोच्ने तरीका छोडेर नयाँ मन, नयाँ स्वभाव र नयाँ जीवन तपाईमा भएको चाहनुहुन्छ । बाइबलले कुरालाई पश्चात्ताप गर्नु भन्दछ । तपाई आफैद्वारा पश्चात्ताप उत्पन्न गराउनुहुन्न । तपाईको जीवनमा प्रत्येक असल कुरा जस्तै, तपाईको प्रेमी परमेश्वर बाट सित्तैमा पाएको वरदान जस्तै त्यो तपाईले पाउनुहुनेछ । "मेरा प्यारा भाइ हो, धोकामा नपर । हरेक असल दान र हरेक सिद्द वरदान स्वर्गबाट हो । यो बरदान ज्योतीका पिताबाट आउँछ । (याकूब १:१६,१७)

किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरुले उद्धार पाएको छौ–र यो तिमीहरु आफै बाट होइन नत्रता मानिसले घमण्ड गर्नेछ । किनकि हामी असल कामहरुका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सिप हौं । हामी ती बमोजिम हिंडौ

भन्ने हेतुले परमेश्वरले पहिले बाटै ती तयार गर्नु भएको थियो । (एफिसी २:८..१०)

[येशू भन्नुहुन्छ]“पिताले मलाई दिनु हुने सबै म कहाँ आउनेछन..........मलाई पठाउनु हुने पिताले खिच्नु भएन भने कोही म कहाँ आउन सक्दैन ।”
(यूहन्ना ६:३७,४४)

९. यसरी सोच्नु गलत हुन्छ कि तपाईमा के गलत छ भन्ने तपाईले पत्ता लगाई सकेपछि
.......................... ..........................तपाईकै काम हो ।

१०.परमेश्वरको वरदान जसले मस्तिष्क, हृदय र जीवन परिर्वतन गर्दछ त्यसलाई
बाइबलले................ भन्छ ।

तपाईको उत्तरहरु पेज नं ४८ मा जाँच्नुहोस् ।

तपाईले प्राय गरेर धेरै मानिसहरुलाई धेरै प्रतिज्ञाहरु गर्नुभयो कि तपाई आफ्नो मार्गलाई परिवर्तन गर्नु हुन्थ्यो । तपाईले सयाद धेरै प्रतिज्ञाहरु तोडनु भयो । हुन सक्छ तपाईले परिवर्तन गर्न थाल्नु भएको समस्याहरु सामान्य छन । र तपाईले कडा परिश्रम गर्नुहनेछ र समस्याहरु समाधान हुनेछन भनेर सोच्नुभयो होला । अब सायद तपाई परमेश्वरको नजिक आएर र स्वीकार गर्न तयार हुनुहुनेछ, “ ममा के गल्ती छ ! त्यो देखाउन सक्दिन म परिवर्तन हुन

चाहान्छु तर परिवर्तन हुने तरिका पाउन सक्दैन ।
! कृपया के तपाई मलाई मेरो गल्ती देखाई दिनुहुन्छ र कृपया के तपाई यसलाई ठीक पार्नुहुन्छ ?
परमेश्वरले यस्तो प्रार्थनालाई तल फर्काउनु हुनेछैन !

## अध्याय तीनको पुनरावलोकन

जब तपाई परमेश्वर सित आफ्नो नयाँ जीवनको सुरुआत गर्नुहुन्छ, तपाईको आफ्नो पुरानो जीवनबाट धेरै कुराहरु ल्याउन सक्नुहुन्छ । तपाईले ल्याउनु हुने कुराहरुमा जस्तै दुखितसम्झना र लज्जापन र पापमय जीवन जीउने बानीमा र सोचाईहरु ल्याएको हुन सक्छ । तपाई अझै त्यस्ता सबै पुराना सरसामानहरुको पोको बाट सर्तक हुनु भएको छैन तर यो वास्तविक हो यस्ता कुराहरु परमेश्वरसित तपाईको नयाँ जीवन जीउदै गर्दा आउन सक्छन । तपाईले परमेश्वरको वचन, बाइबल जान्नु जरुरी छ । तब तपाईले जान्नुहुन्छ परमेश्वर के मन पराउनुहुन्छ र तपाईको सोचाई र जिउने कुराहरु परमेश्वरको भन्दा कति फरक छन । तपाईले आफ्नो नैतिक सुचीलाई लिनु आवश्यक छ । तपाईले आफ्नो बारे जे पत्ता लगाउनु भएको छ असल र खराब दुवैको सुची बनाउनु आवश्यक छ । खराब कुराहरु परमेश्वरमा स्वीकार गर्नको लागि तपाई आफै र तपाईले विश्वास गरेको अन्य व्यक्ति हुनु आवश्यक छ । सर्वोत्तम छनोट यो हुनेछ अर्को ख्रीष्टियन जसले

तपाईलाई तपाईको गल्ती जे छ त्यसको लागि क्षमा दिन येशू मर्नुभयो भनेर निश्चय गराउन सक्छ । तब जे तपाईको गल्ती छ त्यसको परिर्वतनको लागि परमेश्वरसँग प्रार्थना गर्नुहोस्, र विश्वास गर्नुहोस् कि जे गल्ती छ त्यसलाई परिर्वतन गर्न र तपाईसँग काम गर्न उहाँ धैर्यवान र प्रेमी हुनुहुनेछ ।

**सोचेका प्रश्नहरु:**

(क) लागु पदार्थबाट छुटकारा पाएकाहरुको बीचमा एउटा यस्तो भनाई छ कि "मेरो मदिरा सेवनको समस्या १०प्रतिशत छ र ममा अरु समस्या ९०प्रतिशत छन । तिनीहरुले त्यस्तो भनेकोमा तपाई के सोच्नुहुन्छ ?

(ख) कसरी गुप्त लज्जास्पद कुराहरु तपाईमा आएका थिए जो गरी गर्दैहुनुहुन्थ्यो ति खराब थिए ? (उदाहरणहरु: एक जना मानिस जो कामवासनले सताइएको थियो । उसले साच्चै वयस्क हो भन्ने प्रमाणित गर्न धेरै स्त्रीहरु सित शारिरिक सम्बन्ध कायम गरयो । एउटा स्त्री जसले आफ्नो गर्भपतन गरिन र गर्भपतनको वार्षिकोत्सव मनाउन प्रत्येक वर्ष बाहिर गएर मदिरा सेवन गर्न सक्छिन ।)

पेज नं ४६ का उत्तरहरु: ९.खराब के छ ठीक पार्नु, १०.पश्चात्ताप, ।

(ग) के तपाईलाई अथवा मानिसहरुले जसले तपाईलाई राम्ररी चिनेका छन, येशूमा भरोसा गरेको दिन देखि तपाई आफैमा बदलिएको देखेका छन, यद्यपि तपाईले बदलिनका निम्ति निश्चय कोशिस गर्नुभएको थिएन ?

## तीन–अध्यायको जाँच

(ठीक उत्तरमा घेरा लगाउनुहोस् ।)

१.एकजना व्यक्तिको बितेको समयका पापहरु र लाजमर्दो कुराहरुले:

(क) इसाईहरुलाई लाई केही समस्या छैन ।

(ख) शैतानले केही कुराहरुको प्रयोग गरेर इसाईहरुमा आउन सक्छ ।

(ग) केहि कुराहरु बिर्सिनको लागि इसाईले कोशिष मात्र गरे पुग्छ ।

२. तपाईमा असल र खराब के छ भनेर इमान्दारीपूर्वक हेर्नुलाई भनिन्छ:

(क) एउटा नैतिक सुची ।

(ख) सुधार ।

(ग) स्वयं सुधार गर्नु ।

३.यदि तपाईको निम्ति परमेश्वर के गर्न चाहानुहुन्छ र के गर्न चाहानुहुन्न त्यो जान्नका निम्ति तपाई ................ पस्तक पढनु पर्दछ ।

४.तपाईले जे गलत गर्नु भएको छ सो ........................... सित ......................... र अरु ......................... सित स्वीकार गर्नु पर्दछ ।

५.जब तपाईले आ नो पाप अरु इसाईहरुसँग स्वीकार गर्नु हुन्छ भने उहाँले तपाईलाई येशूमा भएको .................... को निश्चय गराउन सक्नुहुन्छ ।

६.तपाईको पुरानो प्रकारको सोचाई र जीउने तरिकालाई छोडेर र नयाँ प्रकारले जीउने र नयाँ प्रकारले सोच्ने कुरा जो परमेश्वरबाट प्राप्त हुन्छ, त्यसलाई ................... परमेश्वरद्वारा सोचेकोलाई भन्दछन:

(क) पश्चात्ताप

(ख) सोच्नु..........

(ग) समर्पण

तपाईको उत्तरहरु पेज नं ७३ मा जाँच्नुहोस् ।

## तपाईको बाइबल प्रयोग गर्नको लागि:

परमेश्वरसँग कार्य गर्ने विषयमा बाइबलले के भन्छ भनेर अरु बढी थाहा पाउनलाई आफैले खोज्न र परमेश्वरको वरदान पाउनलाई तलका पदहरु पढनुहोस्:

भजनसंग्रह ५१ अध्याय
लूका ५:१–११
लूका १८:९–१४
प्रेरित ९:१–२१



यूसुफले आफ्ना दाजुहरुलाई अंकमाल गरयो र
तिनीहरुलाई क्षमा गरयो ।



अध्याय चार

# येशूले तपाईको मानिसहरुसित सम्बन्ध राख्ने तरिका परिवर्तन गर्नुहुन्छ ।

येशूले परमेश्वरसँगको तपाईको सम्बन्धलाई परिवर्तन गरिदिनुभएको छ । उहाँले तपाईको अपराधलाई मेटाई दिनुभयो र तपाईको पापको मोल उहाँले आफ्नो रगतद्वारा तिर्नुभयो र तपाईलाई परमेश्वरको प्रेममा ल्याउनु भएको छ । येशूले तपाईको आफैसितको सम्बन्धलाई परिवर्तन गरिदिनु भएको छ । अब तपाईले झूटो बोल्नु हुँदैन, अथवा आफुले आफैलाई घृणा गर्नु हुँदैन किनभने तपाई परमेश्वरको प्रिय र पवित्र सन्तान हुनुहुन्छ । येशूले पनि अरु

मानिसहरुसँगको तपाईको सम्बन्धलाई परिवर्तन गरिदिनुहुन्छ । तपाईले अरु मानिसहरुलाई तपाईले चाहेको कुरा पाउनलाई प्रयोग गरेको हुन सक्छ । तपाई अरु मानिसहरु बाट पीडित हुन सक्नुहुन्छ, र धेरै वर्ष सम्म त्यो पीडालाई बोकिरहनु भएको हुनसक्छ । यसले तपाईलाई घृणा उत्पन गराउँछ, एउटा रिसालु व्यक्ति कसैलाई विश्वास नगर्ने बनाउ सक्छ । तर अब येशू तपाईको जीवनमा हुनुहुन्छ, र बाइबलले भन्छ, “यसरी अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं । हामीले ख्रीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौं, अब उप्रान्त उहाँलाई त्यसरी हेर्नेछैनौ । यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ ! हेर, नयाँ आएको छ ।” (२ कोरिन्थी ५:१६,१७)

यो अध्यायमा बाइबलले केको बारेमा भन्न गइरहेको छ त्यसको बारेमा तपाई हेर्नु सक्नुहुनेछः

* तपाईले पाप गर्नु भएका मानिसहरुसँग सम्बन्ध सुधार्दै र≤

* तपाई र अरुहरुलाई परमेश्वरले के दिनु भएको छ भनी बातचित गरेर

शायद तपाईको जीवनमा तपाईले अरु कसैलाई धेरै नराम्रो प्रकारले चोट पुरयाउनु भएको हुनसक्छ । तपाईले चोट पुरयाउनु भएको व्यक्ति सफाईको लागि न्यायलयमा जानुपर्ने भयो । कसरी तपाईले त्यो व्यक्ति र त्यसको परिवारलाई पीडा दिनु भएको थियो । जस्तै तपाईले त्यो व्यक्तिलाई कति ज्यादा त्यो व्यक्तिको जीवनमा दुःख ल्याउनुभयो भन्ने कुरा सुनेर, हुन सक्छ तपाईले उसप्रति गरेको खराबीलाई बिर्साउन केही कुरागर्ने इच्छा राख्नुहुन्छ होला ।

महान समाचार यो हो कि तपाईले तपाईको कसैलाई गरेको खराबीको सट्टामा केहीकुरा गर्नु पर्दैन । यद्यपि तपाईले चाहेर पनि कसैलाई सहायता गर्न सक्नु हुन्न । येशूले तपाईको अपराधलाई आफूमाथि लिनुभयो, जब उहाँ क्रूसमा चढनुभयो । जब उहाँ मर्नुभयो, उहाँले तपाईका पापहरुको सम्पूर्ण मुल्य तिर्नुभयो । येशूले तपाईको पापको मुल्य तिरिदिनु भएकोमा परमेश्वर पूर्णतः सन्तुष्ट हुनुहुन्छ । तपाई पनि पूर्णतः सन्तुष्ट हुन सक्नुहुन्छ ।

तर त्यहाँ अझै पनि केही व्यत्तिहरू संसारमा छन जुनहरु सन्तुष्ट छैनन् । तपाईले तिनीहरुका विरुद्ध गरेका पापका कारण अझै तिनीहरु पीडित छन । तिनीहरु अपराधका दोषीहरु मात्र  नभएर तपाईको आफ्नो परिवार र साथीहरु पनि समाविष्ट छन । ती व्यक्तिहरु हुनसक्छन, जुनहरुको हृदय र जीवन तपाईको कारणले टुटेको छ । परमेश्वरले तिनीहरुको

हृदयलाई निको पार्न चाहानु हुन्छ । उहाँ तपाईलाई तिनीहरुको चंगाईको भाग हुनलाई चाहानुहुन्छ तपाई जहाँ भए पनि जहिले पनि यो कार्य गर्न सक्नुहुन्छ ।

**कदम आठौ र नवौंले भन्छ**

८.हामीले अरुहरुलाई चोट पुऱ्याएको छ र तिनीहरु सबैको सुची बनाएर तिनीहरुसित सम्बन्ध सुधार्ने इच्छा हुनुपर्दछ ।

९.सम्भव भए त्यस्ता व्यक्तिसित सोझै सम्बन्ध संसोधन गर्ने, तिनीहरुलाई आघात पर्ने अवस्था बाहेक जुनसुकै बेलामा त्यो गर्न सक्छौ ।

येशूले मत्ती ५:२३,२४मा त्यही कुरा भन्नुहुन्छ, "यसकारण तिमीले वेदीमा आफ्नो भेटी चढाउँदा तिम्रो भाइको हृदयमा तिम्रो विरुद्धमा केही छ भन्ने तिमीलाई याद भयो भने, तिम्रो भेटी त्यही वेदीको सामु छोड, र जाऊ । पहिले आफ्नो भाइ सँग मिलाप गर, र त्यस पछि आएर आफ्नो भेटी चढाऊ ।

सहायताको लागि परमेश्वरसँग प्रार्थना गर्नुहोस् । त्यस पछि तपाई ठीक बाटोमा ती मानिसहरुलाई सुधार्न सक्नुहुन्छ । निम्न कुराहरु समावेश हुन सक्छन:

* क्षमा याचना (व्यक्तिगत अथवा पत्रद्वारा)≤

* जो तपाईले चोर्नु भएको थियो अथवा नाश पार्नुभएको थियो ती कुरालाई फिर्ता गर्ने

* तपाईले अहिले सम्म इन्कार्नु भएको पापको दोषलाई एक आपसमा बसेर छलफल गर्ने ।

सुधार्ने कुरा त्यति सजिलो छैन । यो शायद कठिन हुनसक्छ होला । तर तपाई येशू सँग काम गरिरहनु हुनेछ जस्तो उहाँले ती व्यक्तिहरुको पीडालाई निको तुल्याउने काम गर्नुहुन्छ । तपाईले येशूसँग एउटा नयाँ घनिष्ट सम्बन्ध प्राप्त गर्नु हुनेछ कि तपाईको समस्याहरुको मुल्य भन्दा उहाँ बढी महत्वपूर्ण हुनुहुन्छ ।

१.येशूको क्रूसको मृत्युले तपाईले गर्नु भएका सारा पापको मुल्य ................. छ ।

२.येशूले तपाईको पापको मुल्य तिरिदिनु भएकोमा परमेश्वर पूर्णतया .............. हुनुहुन्छ ।

३.अझै त्यहाँ मानिसहरु तपाईले गरेको गल्तीहरुबाट पीडित छन भने तपाईले तिनीहरुसित को सम्बन्ध ...................... गर्नु आवश्यक छ ।

तपाईको उत्तरहरु पेज नं ५८ मा जाँच्नुहोस् ।

त्यहाँ संसारमा अर्को किसिमका दु:ख दिने व्यक्तिहरु पनि छन । तिनीहरु दु:ख दिइरहेका छन किनभने तिनीहरुको जीवनमा येशू हुनुहुन्न । तिनीहरु अरु कुराहरुलाई तिनको जीवनमा खुशीयाली र आनन्द ल्याउनको प्रयोग गर्ने कोशिस गरिरहेका छन । त्यस्तो किसिमको कुरा एउटा लागुपदार्थ र मदिरा हुन सक्छ । तिनीहरु येशूलाई प्रेम गर्दैनन् । तर तिनीहरुले लागुपदार्थ र मदिरालाई प्रेम गर्छन । येशू तिनीहरुलाई आफुसँग नयाँ
जीवन पाएको चाहानु हुन्छ ठीक त्यस्तै गरि जुन उहाँले तपाईलाई नयाँ जीवन दिनुभएको छ । येशूले यूहन्ना १०:१४–१६मा भन्नुभयो,“म असल गोठालो हुँ.....म आफ्नो भेडाहरुका लागि प्राण अर्पण दिन्छु । मेरा अरु भेडा छन, जो यस गोठका होइनन् । तिनीहरुलाई पनि मैले ल्याउनु परेको छ, र तिनीहरुले मेरो स्वर सुन्नेछन, र तिनीहरु एउटै बागल हुनेछन, र एउटै गोठालो हुनेछ ।”

बाह्रौ कदमले भन्दछ, आत्मिक रितीमा बिउँझेका भइ, जस्तो यी कदमहरुका परिणाम अनुसार, हामीले यो सन्देशलाई दुर्व्यसनीहरुमा पुऱ्याउने कोशिस गर्दै, र यी सिद्धान्तहरु हाम्रो जीवनका प्रयासहरुमा अभ्यास गर्ने ।” एउटा कुरा मदिरा सेवनलाई स्थापित गर्न सक्छ र अरु सबै पापीहरुको स्वतन्त्रता येशूमा भरोसा हो ।

पेज नं ५७ को उत्तरहरु: १.तिरिदिनुभएको, २.सन्तुष्ट, ३.सुधार्नु



येशू हाम्रो असल गोठालो हुनुहुन्छ ।

तपाईले कसैलाई पनि येशूमा विश्वास गर्न जबर्जस्ती गर्न सक्नुहुन्न । उहाँको गर्ने तरिका यसप्रकारको होइन । परमेश्वरको तरिका उहाँमा विश्वास गर्न मानिसहरुलाई निमन्त्रणा दिनु हो । त्यो यही जो जहाँ हामी आएका छौ ।

येशूलाई मानिसहरुसँग परिचित गराउन केही तरिकाहरु छन:

* येशूको बारेमा तिनीहरुसँग कुराकनी गर्दै र तपाईको जीवनलाई के फरक परेको छ भनेर≤

* तिनीहरुलाई असल ख्रीष्टिय पुस्तकहरु र बाइबल दिएर≤ र

* तिनीहरुलाई आराधना सेवामा र बाइबल अध्ययन कक्षामा निमन्त्रणा दिएर

हुन सक्छ तपाई ती व्यक्तिहरुलाई आफ्नो व्यक्तिगत कुराहरु जस्तो तपाईको बिश्वास को बारेमा जस्ता कुराहरु प्रयोग गरेर कुराकनी गरिरहेको हुनुहुन्न । हुन सक्छ तपाई ती कुराहरु आफैसित राख्नुहुन्छ होला । यदि तपाईले येशूको बारेमा तिनीहरुसित कुरागर्नु भयो भने तपाईलाई ती व्यक्तिहरुले बहिष्कार गर्नेछन भन्ने बारेमा आतिनुहुन्छ । ती सबै कुराहरु ठीक छन । येशूसँग सहभागि हुनुहोस् । यसको बारेमा केही गरी दिन उहासित प्रार्थना

गर्नुहोस । हेर्नुहोस् जस्तो उहाँले ती व्यक्तिहरु सँग जुनहरु सुन्न तयार छन तिनीहरु सित कुरा गर्न तपाईको लागि बाटो बनाउनु हुनेछ ।

४...................... ..............................
कुराले रक्सी सेवन गर्ने, लागु पदार्थ सेवन गर्ने र अरु पापीहरुलाई स्वतन्त्र पार्न सक्छ ।
ठीक उत्तरमा घेरा लगाउनुहोस् ।

५.येशूले मानिसहरुलाई उहाँको परिवार भित्र बोलाउनुहुन्छ,:
(क)तिनीहरुलाई आदेश दिएर ।
(ख)तिनीहरुलाई धम्की दिएर ।
(ग)तिनीहरुलाई निम्तो दिएर ।

६.तीन वटा कुराहरु द्वारा मानिसहरुलाई तपाईले येशूको परिचय दिन सक्नुहुन्छ:
(क)
(ख)
(ग)

पेज नं ६२ मा तपाईको उत्तरहरु जाँच्नुहोस् ।

केही वर्ष अगाडि एउटा पाष्टरले बाइबल अध्ययनको कक्षालाई संचालन गरी रहनुभएको थियो त्यो कक्षामा धेरै जसो काला जातिका मानिसहरु थिए । केही समय पछि एउटा व्यक्ति आयो जुन चाहिँ गोरा जाति

थियो उ खुशी साथ कक्षामा सामेल भयो । उ अरु विश्वासीहरु सँगसँगै परमेश्वरको वचन पढन पाएकोमा कृतज्ञ थियो । जब अध्ययन को समय साप्त भएपछि र प्रार्थनाको समय आयो खुशी साथ गोरा जातिले काला जातिका मानिस सँग प्रार्थनाको समयमा हात मिलायो । बाइबल अध्ययन पछि गोरा जातिका मानिसले अध्ययनको अगुवाईको लागि पाष्टरलाई धन्यवाद दिन बस्यो । जब पाष्टरले उसको साथीको पाखुरामा स्वस्तिक र अरु चिन्हहरु देख्यो, जब त्यो मानिसले पाष्टरले उसको पाखुरामा हेरीरहेको देख्यो र उसले भन्न थाल्यो, “यी चिन्हहरु मेरो विभिन्न जीवन बाट आएका थिए । अब म येशूसँग छु ।” येशूले त्यस व्यक्तिलाई एउटा सानो संकिण घृणित जातिको परिवारबाट एउटा बृहत सबै विश्वासीहरुको प्रेमी परिवारमा ल्याउनुभएको थियो । येशू अझै धेरै मानिसहरुलाई उहाँको परिवारमा आउनुभएको चाहनुहुन्छ । यो कार्यको लागि तपाईलाई एउटा भाग बनाई दिनुहुन उहाँसँग प्रार्थना गर्नुहोस् ।

पेज नं. ६१ का उत्तरहरु: ४. येशूमा भरोसा गर्नु ५. ग.
६. तिनीहरुसित येशूको बारेमा कुरा गर्नु,

# चार अध्यायको पुनरावलोकन

जब येशू तपाईको जीवनमा आउनुहुन्छ र तपाईलाई उद्धार ल्याउनुहुन्छ, तपाईको अरु मानिसहरु सँगको सम्बन्ध परिवर्तन हुन्छ । तपाई तिनीहरुलाई प्रेम गर्न सुरु गर्नुहुन्छ उनीहरुको दु:खको बारेमा फिक्री गर्नुहुन्छ । यदि तपाईको कारण तिनीहरुलाई दु:ख भइरहेको छ भने, तिनीहरुलाई सुधार्नु तपाईले कार्य योजना बनाउनु पर्छ । यदि येशू तिनीहरुको जीवनमा नभएको कारण तिनीहरु दुखित छन, तिनीहरुलाई परमेश्वरको परिवारमा ल्याउन परमेश्वर सँग प्रार्थना गर्नुहोस् । तपाईलाई परमेश्वरले तिनीहरु सँग येशूलाई परिचित गराउन अगुवाई दिनुहुन्छ र उहाँलाई तिनीहरुको मुक्तिदाताको रुपमा येशूमा विश्वास राख्ने निमन्त्रणा दिनु पर्छ ।

**सोचेका प्रश्नहरु:**

(क)कहिले काही मानिसहरु जसलाई तिनीहरुले पीडित पारेका छन तिनीहरु सँग क्षमा माग्दैनन् । तिनीहरुले बहानाहरु ब्नाउछन र कि क्षमा माग्नु त्यति ठूलो आवश्यकता छैन भन्ने बिचार गर्छन । अथवा तिनीहरु अझै एक अर्कोलाई दोषारोपण गरिरहेका हुन्छन जुनहरु त्यो समस्याको कारणले पीडित छन । परमेश्वरले तपाईलाई कुन प्रकारको क्षमा याचना दिएको चाहानुहुन्छ ।

(ख) परमेश्वरले तपाईले सम्बन्ध संसोधन गर्नु भन्दा पहिले नै क्षमा दिइसक्नु भएको छ भन्नेकुराले तपाईलाई सम्बन्ध सुधार गर्नमा कस्तो सहायता पुग्छ ?

(ग)हुन सक्छ त्यो व्यक्ति जसलाई तपाईले क्षमा दिन आवश्यक छ त्यसले तपाईलाई क्षमा दिँदैन । किन यो अझै क्षमा दिनु आवश्यक छ ?

(घ) यदि तपाईले कुनै व्यक्तिसित येशूको बारेमा बताउनुभयो र त्यो व्यक्तिले अस्वीकार गरयो भने अरु के कुरा तपाईले त्यसको निम्ति गर्न सक्नुहुन्छ ?

## चार अध्यायको जाँच

१.तपाईले गर्नु भएको गल्तीको असल गर्ने कोशिष गरेर क्षतिपूर्ति नगर्नुहोस≤ येशूले.................
.................... यसलाई पूरा गर्नुभएको छ ।

ठीक उत्तरमा घेरा लगाउनुहोस् ।
२.तपाईले दुखित पार्नु भएको मानिसहरुसित सम्बन्ध सुधार गर्नाले परमेश्वर तपाईको लागि क्षमा कमाउन सक्नुहुन्न, तर यसले सहायता गर्न सक्छ:
(क)जोहरु पीडित थिए ती मानिसहरुको पीडालाई निको पार्न सक्छ ।
(ख)तिनीहरुलाई फेरि तपाई जस्तै बनाउँछ ।
(ग)मानिसलाई यसले असल प्रभाव पार्छ ।

३.संसोधन गर्नुको मतलव तपाईले पीडित मानिससित क्षमा माग्नु हो यसको मतलव जो तपाईले चोर्नु अथवा नष्ट पार्नु भएको अथवा उनीहरु बाट लिएका थोकहरुलाई

........................... हो, अहिले सम्म तपाईले गरेका पापको ............... स्वीकार गर्नु हो ।

४.खास गरेर मानिसहरु लागुपदार्थ र मदिरा सेवन तिर फर्कन्छन्

कारण:

(क)तिनीहरु आफ्नो जीवन देखि निराश भएकोले ।

(ख)तिनीहरुका सबै साथीहरुले उच्चता प्राप्त गरेकोमा ।

(ग)तिनीहरुले येशूसँगको विश्वासको सम्बन्धलाई गुमाई रहेकोमा ।

५.धर्मको बारेमा तर्क वितर्क गर्ने कुरा येशूले सिकाउनु भएको तरिका होईन् । उहाँको तरिका उहाँलाई चिन्न र भरोसा गर्न सकून भनेर मानिसहरुलाई ............... दिनु हो ।

६.येशूको बारेमा र उहाँले तपाईको लागि के गर्नुभयो भन्ने बारेमा सिकाउनु चोट पाएका मानिसहरुमा पुग्ने एउटा तरिका हो । तपाई तिनीहरुलाई..................
दिन सक्नुहुन्छ र
तिनीहरुलाई..........................आउन र
........................को निमन्त्रणा दिन सक्नु
हुन्छ ।

पेज नं ७३ मा तपाईको उत्तरहरु जाँच्नुहोस् ।

## तपाईको बाइबल प्रयोग गर्नको लागि:

संसोधनको लागि:

लूका १९:१–१०,
एफिसी ४:२१–५:२१

येशूको परिचय मानिसहरुलाई दिन:

लूका ८:२६–३९, प्राय: गरेर पद ३८र ३९
प्रेरित १७:१९–३४
प्रेरित ३:१५,१६
कलस्सी ४:२–६

## शब्दावली

**बेसमयमा** ≠ आशा गरेको समय भन्दा पहिले समाप्त हुनु

**गर्भपतन** ≠ एउटा बालक प्राकृति रुपले जन्मिनु भन्दा पहिले उसको जीवन समाप्त पार्ने कार्य

**दोषी** ≠ त्यो जसले गलत गरेको हुन्छ

**दुर्व्यसन** ≠ एउटा व्यक्ति जसलाई मदिरा अथवा लागुपदार्थको आवश्यकता हुन्छ

**दुर्व्यसनग्रस्तता** ≠ कुनै कुरा सधैं भरि आवश्यक हुनु

**क्षमा याचना** ≠ गल्तीको लागि तपाईले क्षमा माग्नु अथवा पीडित तुल्याएकोमा माफी माग्नु

**लज्जित तुल्याउनु** ≠ शर्बिन्दा, अपराध दु:ख महशुस गर्नु

**पट्टी** ≠ एउटा कपडाको टुक्रा जसले घाउलाई बेह्रेर राखिन्छ

**नैतिकता** ≠ यहाँ यसको मतलव कसैमा विशेष गुण भन्ने अर्थ

**छनोट** ≠ कुनै चिजलाई चुन्ने कार्य

**दुष्कर्म** ≠ कुनै कुरा गल्ती गर्नु

**दया** ≠ जो पीडित अथवा खाँचोमा छ त्यसलाई सहायता गर्नु

**चेताना** ≠ लक्षित, मनमा सोच्नु
पत्यार दिलाउनु ≠ कसैलाई भनेको कुराको विश्वास दिलाउनु

**भ्रष्ट** ≠ पूर्ण पापी

**चाहान गर्नु** ≠ केही कुरा पाउने ठूलो आशा

**अपराध** ≠ व्यवस्थाको विरुद्धमा गरिने कार्य

**त्रुटी** ≠ कुनै कुरा पूर्ण नहुनु, दोष

**परीक्षा** ≠ पढाई योग्यताको जाँच, निरीक्षण

**उत्साहित** ≠ खुशीयालीका कुरालाई महशुस गरेर रमाउनु, मजबुत हुनु

**निश्चित** ≠ ठीक पार्नु

**उच्चत** ≠ यो किताबमा यसको मतलव लागुपदार्थको अधीनको प्रभाव

**काला जाति** ≠ स्पेनिसबाट उत्पन भएको

**इमान्दार** ≠ पूर्ण सत्यता

**दबाब** ≠ कसैलाई करकपमा पार्ने कारण

**सुधार** ≠ कुनै कुरालाई सर्वोत्तम बनाउनु

**संक्रमण** ≠ किटाणु बाट हुने एउटा रोग जसलाई उपचार विधिद्वारा निमूल पारिन्छ

**चोट पटक लाउनु** ≠ हानी पुऱ्याउनु, दुखित तुल्याउनु

**अभिप्राय** ≠ खोजिएको कुराको सार

**सुची** ≠ हाम्रो आफ्नै बारेको तथ्यको तालिकाहरु

**मदिरा** ≠ कड मादक, पेय पदार्थ

**याद दिलाउनु** ≠ ती पहिलेका बितेका घटनाहरुको सम्झना गरिने कार्य

**नैतिक** ≠ हाम्रो चरित्रमा भएको असल कार्यको भावना

**अपवित्र** ≠ फोहोरी र अश्लील

**गोठ** ≠ जहाँ राती जनावरहरुलाई सुरक्षित राखिने ठाँउ

**दुर्व्यवहार** ≠ असल कुरालाई खराबीमा परिवर्तन गर्नु

**सिद्धान्त** ≠ साधारणतय सत्यता, नियम अथवा कानुन, व्यवस्था

**अबिलम्ब** ≠ सही किसिम, तत्कालै, शीघ्र

**मुक्त गर्नु** ≠ त्याग्नु

**पुनः प्राप्ति** ≠ पहिलेको अवस्थमा आउनु, अरोग्य प्राप्ति

**अस्वीकार** ≠ कसैलाई आफ्नो साथी नबनाउनु, भनेको कुरा नमान्नु

**सम्बन्धित** ≠ मित्रता गाँस्नु

**मित्रता** ≠ कुनै मानिस सँग सम्बन्ध गाँस्नु अथवा परमेश्वरसँग सम्बन्ध राख्नु

**मदत** ≠ कसैलाई सहायता गर्नु, सहयोग

**धर्म** ≠ विश्वास गर्नु र परमेश्वरको आराधना गर्नु

**पश्चात्ताप** ≠ पाप बाट फर्केर येशूमा विश्वास राख्नु, ईश्वरीय जीवन हुनु

**पुनःस्थापना** ≠ पहिले अवस्थामा फिर्ता ल्याउनु

**बलि चढाउनु** ≠ परमेश्वरलाई चढाईने भेटी

**उद्धार** ≠ नरक जानुबाट बचाईनु

**निरोगीता** ≠ वास्तविक संसारमा रहने योग्य, मानसिक सन्तुलित

**सन्तुष्ट गर्नु** ≠ कुनै åारा आफ्नो आवश्यक प्राप्त गरेर खुशी हुनु

**चिच्याउनु** ≠ ठूलो स्वरले कराउनु, हल्ला गर्नु

**गोप्य** ≠ कुनै जानकारीलाई अरुहरु बाट टाढा राखिने

**स्वयं** ≠ आफै, व्यक्ति

**लज्जा** ≠ अनादर गर्ने कार्य गर्नु

**समाधान** ≠ समस्याको उत्तर पाउनु

**मदिरा** ≠ पेय पदार्थको अर्को शब्द, मदिरापान

**आत्मिकी स्वभाव** ≠ तपाईको ख्रीष्टिय स्वभाव, तपाईमा एक भाग जसले परमेश्वरको व्यवस्थाको आज्ञाकारिताको चाहना गर्छ

**स्वस्तिक** ≠ एउटा चिन्ह

**चिन्ह** ≠ छालामा बनाएको नमुना अथवा एउटा स्थाई चिन्ह

**अस्थाई** ≠ केही समयको लागि राख्नु

**जाँच्नु** ≠ सत्यताको बारेमा केही विवरण बनाउनु

**पूर्णतय** ≠ केही कुरा पूरा गर्नु

**फिक्री** ≠ चिन्ता गर्नु

**यातना** ≠ कुनै व्यक्तिलाई ठूलो दु:खको कारण बनाउनु

**पासो** ≠ केही कुरा समात्नु, पक्रनु

**शिकार** ≠ कोही व्यक्ति जसले अरुले गरेको थोकको कारण पीडित हुनु

**घाउ** ≠ शरीरमा चोट पुऱ्याउनु अथवा सोचाईमा अघात पुऱ्याउनु

## अध्याय परीक्षाका उत्तरहरु

**जाँच पाठ एक** (**पेज नं १६–१७**)
१.मानसिक पीडा वा दु:ख दिनु, उच्चता प्राप्त≤ २.आत्मा, जीवन≤ ३.शक्तिविहिन≤ ४.महान≤ ५.क्षमा≤ ६.ग≤ ७.क

**जाँच पाठ दुई** (**पेज नं ३२–३३**)
१.वरदान≤ २.उपहार≤ ३.स्वभाव≤ ४.क्रूसमा टाँगिएको,ममा वास गर्नुहुन्छ≤ ५.व्यक्ति≤ ६.उहाँको जीवन

**जाँच पाठ तीन** (**पेज नं ४९–५१**)
१.ख≤ २.क≤ ३.बाइबल≤ ४.परमेश्वर,तपाई आफै,मानव जाति≤ ५.क्षमा≤ ६.क

**जाँच पाठ चार** (**पेज नं ६४–६६**)
१.क्रूसमा मर्नु≤ २.क≤ ३.मुल्य तिर्नु,दोष≤ ४.ग≤ ५.स्वगत गर्नु≤ ६.बाइबलहरु,बाइबल अध्ययन,चर्च

# अन्तिम जाँच

हार्दिक बधाई छ ! तपाईले येशू नै प्रभु हुन, दुर्व्यसनग्रस्तता होइन भन्ने पुस्तक अध्ययन पुरा गर्नु भएको छ । एक पटक फेरि पुस्तकलाई हेर्नुहोस् र आफ्नो
त्रुटीहरुको पुनरावलोकन गर्नुहोस् । सबै अध्यायको लक्ष्यहरुको पनि एक पटक पुनरावलोकन गर्नुहोस् । जब तपाईलाई लाग्छ तपाईले सबै अध्यायहरुको प्रश्नहरुको उत्तर नहेरेर दिन सक्नुहुन्छ भने तपाई अन्तिम जाँचको लागि तयार हुनुहुन्छ ।

अन्तिम जाँचलाई पुस्तक नहेरेर पुरा गर्नुहोस् । जब तपाईले यो पूरा गर्नुहुन्छ । तपाईलाई पुस्तक उपलब्ध गराउने व्यक्तिलाई वा पुस्तकको पछाडि भएको ठेगानामा पठाउनुहोस् । तपाईले यस श्रृखलाको अरु पुस्तकहरु मगाएर पढन सक्नुहुन्छ ।

यदि तपाई तयार हुनुहुन्छ भने, अन्तिम जाँचलाई पुस्तकबाट अलग गर्नुहोस् र पुस्तकलाई राख्नुहोस् । पुस्तक नहेरी जाँच दिनुहोस् ।

# येशू नै प्रभु हुन, दुर्व्यसनग्रस्तता होइन
## अन्तिम जाँच

१.एउटा दुर्व्यसनीले उच्चत प्राप्ति चाहनाको कारण:
(क) उसले यसलाई मन पराएको महशुस गर्छ ।
(ख) यो मोजमज्जा हो ।
(ग) उसको माष्तिस्क र शरीरले उसलाई जे छ त्यो भन्छ ।

२.यूहन्ना ८:३४ येशूले भन्नुभयो, " पाप गर्ने प्रत्येक.......................हो ।"

३.जब तपाई आफ्नो आवश्यकता प्राप्त गर्नलाई पापको प्रयोग गर्नुहुन्छ वास्तवमा तपाई पापलाई प्रयोग गरिरहनु हुन्न≤पापले.................गर्छ ।

पीडिती मानिसहरु≤पीडिती आत्माहरु:
तलको खाली ठाँउमा भर्नुहोस्
**श** लेख्नुहोस् जुन वाक्य अथवा शब्दले शरीरलाई चोट पुऱ्याउँछ । **आ** लेख्नुहोस् जुन वाक्य अथवा शब्दले आत्मालाई चोट पुऱ्याउँछ ।

४................ दुर्व्यवहारको सम्झना

५................ अप्रसन्नता

६................ काटनु

७................ अप्ठ्यारो

८................ टुटेको हाडहरु

९................ लज्जापन

१०................ दाँत सड्नु

११................ आशाहिन

ठीक र बेठीक छुटाउनुहोस्

ठीकमा यो चिन्ह √ र बेठीकमा यो चिन्ह × लगाउनुहोस् ।

१२.........जब तपाई उच्चता प्रप्ति गर्नु हुन्छ तपाईमा दुष्ट आत्माको शक्ति हुन्छ ।

१३..........एउटा पापीले पापपूर्ण कार्यलाई उसको आफ्नै सदिच्क्षा र असल मनसायले रोक्न सक्दैन ।

१४.........येशूले हाम्रा पापको दोष कूसको मृत्युद्वारा लिनुभयो ।

१५.........तपाई स्वर्गमा जानुहुन्छ भनी कहिले पनि पूर्णतया विश्वस्त हुन सक्नुहुन्न ।

१६.……….तपाईलाई दुर्व्यसनग्रस्तताको नियन्त्रणता बाट परमेश्वरले स्वतन्त्र पार्न सक्नुहुन्न ।

१७.……….ख्रीष्टियानमा एउटा नयाँ जीवन आउनको कारण तिनीहरुको कडा परिश्रम हो ।

१८.……..दुर्व्यसनग्रस्तताको अधीन बाट स्वतन्त्र हुनु परमेश्वरबाटको वरदान हो ।

१९.……..परमेश्वर टाढा स्वर्गमा हुनुहुन्छ, त्यसकारण हाम्रो जीवनलाई ठीक बनाउने कार्य हाम्रै हातमा हुन्छ ।

२०.…….जब परमेश्वरले तपाईको हृदयमा येशूमा विश्वास गर्न लगाउनु हुन्छ, उहाँ तपाईको हृदयमा रहन आउनुहुन्छ ।

ठीक उत्तरमा घेरा लगाउनुहोस्:
२१.जब बाइबलले भन्छ कि परमेश्वरले तपाईलाई एउटा नयाँ आत्मा दिनुहुन्छ, यसको अर्थ:
(क)तपाईमा अब कुनै पाप छैन ।
(ख)अब तपाईको जीवनको मालिक पापको सट्टा परमेश्वर हुनुहुन्छ ।
(ग)तपाईले येशूमा विश्वास गर्ने कुरा बाहेक अरु परिबर्तन हुदैंन ।

२२.तपाईको जीवन येशूलाई समर्पण गर्नुको अर्थ:
(क)ठीक सँग जिउनको लागि तपाईले सर्वोत्तम उपायको कोशिस गर्नु ।
(ख)उहाँलाई तपाईको जीवनको प्रबन्धको कार्य गर्न दिनुहोस् ।
(ग)सधै मण्डलीमा जानु ।

२३.तपाईले परमेश्वर को हुनुहुन्छ र के चाहनुहुन्छ भन्ने कुरा जान्नलाई :
(क)बाइबलको बारेमा थाहा पाउनु पर्छ ।
(ख)तपाईले आफ्नो हृदयमा हेर्नु पर्छ ।
(ग)तपाईले आफ्नो चारैतिरको संसारलाई हेर्नु पर्छ ।

२४.जस्तै तपाई को हुनुहुन्छ, के गर्नुभएको छ भन्ने कुरालाई हेर्नुभयो भने इमान्दारी पूर्वक, तपाई थाहा पाउनु हुनेछ:
(क)तपाईले सोचे जतिको खराब तपाई हुनुहुन्न ।
(ख)परमेश्वरले पहिले देखि नै नजानेको कुरा केही छैन र येशूले क्षमा गर्न नसक्ने कुरा केही छैन ।
(ग)केही कुराहरु क्षमा गरिका लागि धेरै खराब छन ।

२५.बाइबलले शैतानलाई भन्छ:
(क)दुष्ट देव ।
(ख)संसारको राजा ।
(ग)धोकेबाज, दोषारोपण गर्ने ।

२६.यदि तपाईले आफ्नो पापहरुको बारेमा इसाई मित्रसँग छलफल गर्नुभयो भने उसले तपाईलाई भन्न सक्छ :
(क)येशू तपाईको लागि मरेको कारण तपाईका सम्पूर्ण कुरा क्षमा गरिएका छन ।
(ख)तपाईको गल्तीहरुको सोधभर्ना कसरी गर्ने ।
(ग)त्यसले तपाई आफैलाई लज्जित तुल्याउने हुन सक्छ ।

२७.पश्चात्तापको अर्थ:
(क)आफ्नो पापको लागि दु:खी हुनु ।
(ख)पाप बाट फर्केर परमेश्वर सँग क्षमा माग्नु र सबै कुराहरु ठीक तुल्याउनु ।
(ग)ठीक सँग जिउनलाई कठोर परिश्रम गर्ने प्रत्यनको प्रतिज्ञा गर्नु ।

२८.तपाईले अरु मानिसलाई चोट पूरयाएको कारणको सोधभर्ना गर्न सक्नुहुन्न । ........................कूसमा मरेर तपाईको लागि यो गरिएको थियो ।

२९.यदि तपाईलाई थाहा छ कि कुनै कुरा गरेको कारणले तपाईले पार्नुभयो, तपाई त्यो व्यक्तिलाई................कोशिस गर्नुहुन्छ ।

३०.यदि तपाईलाई थाहा छ ती व्यक्तिहरु जुनहरु यस संसारमा एक्लै छौ भन्ने सोचाईको कारण दुखित छन र तिनीहरु समस्यामा छन, तपाई तिनीहरुलाई........ ...........मा भरोसा गर्न निमन्त्रण दिन सक्नुहुन्छ ।

कृपया खाली ठाँउमा निम्न जानकारीहरु लेख्नुहोस् :
नामः.......................................................

ठेगानाः......................................................
..............................................................
..............................................................

कृपया यस पुस्तकको बारेमा तपाईको प्रतिक्रिया लेख्नुहोस् ।

..............................................................
..............................................................
..............................................................
..............................................................
..............................................................
..............................................................
..............................................................
..............................................................
..............................................................
..............................................................
..............................................................
..............................................................
..............................................................
..............................................................
..............................................................
..............................................................

Multi-Language Productions
Bringing the Word to the World

**Jesus is Lord, Addiction is Not-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 385111**